# बार्षिक प्रतिवेदन

## आ.व. २०७८/७९



SOSEC Nepal
Estd: 1997
Raising The Voice Of Voiceless

# सोसेक नेपाल


केन्द्रिय कार्यालय : नारायण नगरपालिका-१, दैलेख

केन्द्रीय कार्यालय फोन नं.: ०८९-४१०१८७/४१००९६/०८९-४१००९३

बाल हेल्पलाईन १०९८ (दश नौ आठ)/९८५८०८८२२२/९८५८०३६२२२

महिला र बालबालिका केन्द्र, दैलेख : ०८९ ४१०२२२

महिला र बालबालिका केन्द्र, कालिकोट : ०८७-४४०३४४

काठमाडौं सम्पर्क कार्यालय : ०१-५९१०८९०, सुर्खेत प्रदेश कार्यालय : ०८३-४१४२५५

पैसा नलाग्ने टोल फ्रि नं.: एनटिसी १६६०८९४२००१, एनसेल ९८०१५७४८८८

इमेल: sosecdailekh@gmail.com, info@sosec.org.np, hirad@ntc.com.np

Website:- www.sosec.org.np

# २०७९/०५/११ निर्वाचित कार्यसमिति

**अध्यक्ष**
श्री मञ्जु कुमारी खड्का

**निवर्तमान अध्यक्ष**
श्री हीरासिंह थापा

**उपाध्यक्ष**
श्री कवि राज रिजाल

**महासचिव**
श्री महेन्द्र कुमार कार्की

**कोषाध्यक्ष**
श्री कमला चन्द

**सचिव**
श्री ललिता कुमारी भण्डारी

**सदस्यहरु**
श्री मन्सरा थापा मगर   श्री कमला कुमारी नेपाली   श्री संगिता राना   श्री सुजन न्यौपाने   श्री लक्ष्मण कार्की

## सल्लाहाकार समिति

संयोजक: श्री सीता कुमारी राना - पूर्व अध्यक्ष
सदस्य : श्री माधव प्रसाद तिमील्सेना - पूर्व उपाध्यक्ष
सदस्य : श्री अमर वहादुर थिङ - स्थानिय आर्थिक योजना तथा व्यबस्थापक बिज्ञ
सदस्य : श्री यज्ञराज थापा - अध्यक्ष, पत्रकार महासंघ, दैलेख
सदस्य : श्री लाल ब. पुन - भिजिटिङ् फेकल्टि/सिनियर रिसर्च फेलो (KUSOM)

“आत्मा साक्षी राखी मन्, बचन् र कर्मले सेवा गरौं ॥”

# बार्षिक प्रगति प्रतिवेदन प्रकाशन समिति

## सल्लाहाकार

अध्यक्षः श्री मञ्जु कुमारी खड्का

कार्यकारी निर्देशक / निर्वतमान अध्यक्षः श्री हीरासिंह थापा

## प्रकाशन समिति

संयोजकः श्री महेन्द्र कुमार कार्की - महासचिब

प्रमुख सम्पादकः श्री वसन्त श्रेष्ठ - उप - कार्यकारी निर्देशक

सदस्यः श्री भोला नाथ धिताल - कार्यक्रक निर्देशक

सदस्यः श्री डम्बर बहादुर कार्की - टिम लिडर

सदस्यः श्री दुर्गा गिरी - सहायक कार्यक्रम निर्देशक

सदस्यः श्री धर्म राज बास्तोला - मील अधिकृत

सदस्य सचिवः श्री साएजा अर्याल - प्रतिबेदन तथा अभिलेखिकरण संयोजक

## प्रकाशन सहयोगी

श्री नवराज वि.सी. - कार्यक्रम निर्देशक (सहयात्रा दोश्रो)

श्री हिक्मत नेपाली - मिडिया फोकल पर्सन

श्री माधव भट्टराई - कार्यक्रम ब्यबस्थापक

श्री टिकाराम सापकोटा - लेखा तथा खरिद अधिकृत

श्री माया राना - प्रशासन अधिकृत

(परियोजनामा संलग्न सबै कर्मचारीहरु)

Save the Children · Funded by the European Union · DCA · AEIN · HELVETAS NEPAL · World Vision · AFLATOUN INTERNATIONAL

## "जवाफदेहि सेवा, सुनुवाई तथा गुणस्तरीय कार्यक्रम कार्यान्वयनका लागि हाम्रो अनुरोध"

## Monitoring, Evalutation, Accountability and Learning (MEAL)

### सोसेक नेपालद्वारा स्थापना गरिएको जिज्ञासा तथा सुझाब सुनवाई सयन्त्र अन्तर्गत संस्थाद्वारा सञ्चालित कार्यक्रमहरुमा

- संस्थाको नीति, नियम तथा आचारसंहिता विपरितका कार्यहरू भएको पाईएमा।
- गुणस्तरीय कार्यक्रम कार्यान्वयन तथा लक्षित वर्ग छनौटमा भेदभाव भएको पाईएमा।
- जिम्मेवारीको आधारमा प्राप्त अख्तियारी वा श्रोतको दुरूपयोग भएको पाईएमा।
- बालबालिका र महिला माथि लैङ्गिक, आर्थिक तथा जातीय आदि कुनै पनि प्रकारका विभेद तथा दुर्व्यवहारपूर्ण कार्य भएको पाईएमा।
- संस्थाका पदाधिकारी एवम् कर्मचारीले बालबालिकालाई बाल श्रमिक, जोखिमपूर्ण तथा हानि हुने खालको क्रियाकलापमा सहभागि गराएको पाईएमा।
- संस्थाद्धारा सहयोग गरीएका शैक्षिक तथा अन्य सामाग्रीहरूको प्रयोग तथा संरक्षण नभएको पाईएमा।
- संस्थाको सहयोगमा निर्माण भईरहेका योजना गुणस्तरीय नभएमा वा प्रयोग विहिन भएको पाईएमा।
- संस्थाद्धारा संचालित कार्यक्रम तथा क्रियाकलापहरूको गुणस्तर मानक पुरा नभएको पाईएमा।

सोसेक नेपालद्वारा जिज्ञासा तथा सल्लाह सुझाव संकलनमा लागि स्थापित नि:शुल्क टोल फ्रि नम्बर एनटिसी १६६०८९४२००१, एनसेल ९८०१५७४८८८ मा फोन गरी वा कार्यालयमा रहेको जिज्ञासा तथा सुझाव पेटिका तथा ईमेल cfm@sosec.org.np मार्फत पनि जिज्ञासा तथा सुझाव दिन सक्नुहुनेछ ।

सोसेक नेपालमा आबद्ध कुनै कर्मचारी, पदाधिकारी, स्वयसेवक र सेवा तथा बस्तु प्रदायकहरुसंग सम्बन्धित संस्थाको संरक्षण नीति (बाल र बयस्क), दुर्व्यवहार बिरुद्धको निती र आँचार संहितासंग सम्बन्धित कुनै सुझाव तथा सल्लाह जिज्ञासा भएमा निम्न ठेगानामा सम्पर्क गर्नहुन अनुरोध छ :

जेसी बाल संरक्षण सम्पर्क व्यक्ति
मोबाईल नं.९८५८०२२५११ वा ९८५८०५१०८९ र ९८५११५१०८९ ईमेल : safeguarding@sosec.org.np

**तपाईले गर्नुभएको जिज्ञासालाई सम्वेदनशिलतापूर्वक लिईनेछ र आवश्यक छानविन गरि सम्बोधन गरिनेछ ।**
**यदि जिज्ञासाकर्ताले आफ्नो व्यक्तिगत विवरण गोप्य राख्न चाहेमा जिज्ञासा गर्ने व्यक्तिको विवरण गोप्य राखिनेछ ।**


# सोसेक नेपाल

**केन्द्रिय कार्यालय : नारायण नगरपालिका-१, दैलेख**

केन्द्रीय कार्यालय फोन नं.: ०८९-४१०१८७/४१००९६/०८९-४१००९३
बाल हेल्पलाईन १०९८ (दश नौ आठ)/९८५८०८८२२२/९८५८०३६२२२
महिला र बालबालिका केन्द्र, दैलेख : ०८९ ४१०२२२
महिला र बालबालिका केन्द्र, कालिकोट : ०८७-४४०३४४
काठमाडौं सम्पर्क कार्यालय : ०१-५९१०८९०, सुर्खेत प्रदेश कार्यालय : ०८३-४१४२५५
पैसा नलाग्ने टोल फ्रि नं.: एनटिसी १६६०८९४२००१, एनसेल ९८०१५७४८८८
इमेल:- sosecdailekh@gmail.com, info@sosec.org.np, hirad@ntc.com.np
Website:- www.sosec.org.np

# सोसेक गान

सामाजिक सेवा केन्द्र, सोसेक नेपाल ।
कार्य क्षेत्र देशैभरी, तराई, पहाड हिमाल ॥

जलवायू, शिक्षा, स्वास्थ्य, कृषि, उद्यम, भित्र, ।
दीगो विकास, विपद् जस्ता विषयगत क्षेत्र, ॥

सबै वर्ग, भाषा, जाति, भूगोल, धर्मप्रति ।
समावेशी जवाफदेही, आफ्ना कर्मप्रति ॥

मानवता, न्याय अनि सुशासनले ओत-प्रोत ।
सिमान्तको आवाज, उर्जा, शक्तिको हो स्रोत ॥

बालबालिका, महिला, पुरुष, अपांगको साथी ।
मन वचनले कर्म गर्ने, आत्मा साक्षी राखी ॥

सामाजिक सेवा केन्द्र, सोसेक नेपाल ।
कार्य क्षेत्र देशैभरी, तराई, पहाड हिमाल ॥

# सोसेक नेपाल

**केन्द्रिय कार्यालय : नारायण नगरपालिका–१, दैलेख**

केन्द्रीय कार्यालय फोन नं.: ०८९-४१०१८७/४१००९६/०८९-४१००९३

बाल हेल्पलाईन १०९८ (दश नौ आठ)/९८५८०८८२२२/९८५८०३६२२२

महिला र बालबालिका केन्द्र, दैलेख : ०८९ ४१०२२२

महिला र बालबालिका केन्द्र, कालिकोट : ०८७-४४०३४४

काठमाडौं सम्पर्क कार्यालय : ०१-५९१०८९०, सुर्खेत प्रदेश कार्यालय : ०८३-४१४२५५

पैसा नलाग्ने टोल फ्रि नं.: एनटिसी १६६०८९४२००१, एनसेल ९८०१५७४८८८

इमेलः- sosecdailekh@gmail.com, info@sosec.org.np, hirad@ntc.com.np

Website:- www.sosec.org.np

https://www.facebook.com/SOSECNepal

https://twitter.com/sosecdailekh

https://www.instagram.com/sosecnepal/

https://www.youtube.com/results?search_query=sosec+nepal

Child helpline : 1098 (ten-Nine-Eight)

# मन्तव्य

सोसेक नेपालले गत वर्षहरूमा गरिरहेको अभ्यासलाई निरन्तरता दिंदै आ.व. ०७८/७९ को "**वार्षिक प्रगति प्रतिवेदन**" प्रकाशन गर्न लागेकोमा मलाई खुसी लागेको छ। सोसेक नेपालले आफ्नो स्थापना कालदेखि नै निर्दिष्ट मार्गदर्शन र आधारभूत सिद्धान्तका आधारमा संस्थाद्धारा सञ्चालन हुने कार्यक्रम तथा परियोजनाहरू लक्षित वर्गको स्तरलाई माथि उठाउन विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेको छ। त्यसै गरी संस्थाले कार्य क्षेत्रका समुदाय स्तरमा कार्यक्रम कार्यान्वयन, सञ्चालन र सम्पादन गरिसके पश्चात् गरेका काम, उपलब्धी र खर्च बजेटलाई समेटी वार्षिक पुस्तिका मार्फत सरोकारवाला निकायहरू समक्ष प्रस्तुत गर्न खोज्नु अति आवश्यकीय कार्य हो र यसलाई निरन्तरता दिइरहने छौं। यसैगरी संस्थाले गरेका क्रियाकलापहरूको जिल्ला स्तरमा कर्मचारी र कार्य समितिको वर्षको एक पटक सहभागितात्मक समीक्षा तथा रणनैतिक योजना तर्जुमा र प्रत्येक वर्ष साधारणसभा गरी त्यसको अनुमोदन र चालु वर्षको रणनैतिक योजना समीक्षा गरी अगामी वर्षको वार्षिक रणनैतिक योजना तयार गर्नु सोसेक नेपालले गौरव गर्नुपर्ने विषय हो। संस्थाले प्रकाशन गर्न लागेको प्रतिवेदनबाट कार्यक्रममा आवद्ध लक्षित वर्ग, साझेदार संस्था, सहयोगी निकायसंग समग्र प्रगतिको जानकारी आदान-प्रदान गर्न र पछिल्ला बर्षहरूमा प्रभावकारी कार्यान्वयनका लागि महत्वपूर्ण सुझावहरू प्राप्त गर्न र संस्थाको मूल्य मान्यतामा आधारित पारदर्शिता कायम राख्न उल्लेखनीय सहयोग पुग्नेछ भन्ने मैले अपेक्षा गरेको छु।

संस्थाबाट निर्दिष्ट गरेका कार्यक्रमहरू कार्यान्वयन, सञ्चालन र सम्पादनमा संलग्न लक्षित समुदाय, साझेदार संस्थाहरू, सहयोगी निकाय तथा लक्ष्य र उद्देश्य परिपूर्तिका लागि अहोरात्र खट्ने यस संस्थाका कर्मचारीहरू, कार्यसमितिका अध्यक्ष लगायत पदाधिकारीहरू, विभिन्न समिति उपसमितिका सदस्यहरू , साधारण सदस्य, आजीवन सदस्य लगायतका स्वयम्सेवकहरू र संस्थालाई यहाँसम्म ल्याउन सहयोग गर्नुहुने सम्पूर्ण साझेदार संस्थाहरू सबैप्रति आभार व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्दछु।

यो पुस्तिका प्रकाशन गर्न सहयोग गर्ने प्रकाशन समितिलाई हार्दिक धन्यवाद दिन चाहन्छु। संस्थाको समसामयिक गतिविधीहरू सहितको प्रकाशनलाई निरन्तरता मिल्ने छ भन्ने आशा गर्दछु।

सल्लाह, सुझाव र सहयोगका लागि धन्यवाद।

**हीरासिंह थापा**
कार्यकारी निर्देशक / संस्थापक
सोसेक नेपाल

# प्राक्कथन

सोसेक नेपालले विगत २४ वर्षदेखि दलित, महिला, बालबालिका र विशेष गरी पछाडि पारिएकाहरू व्यक्ति तथा समुदायलाई समेटेर उनीहरूका अधिकारको बारेमा वकालत गर्दै आईरहेको छ। सोसेक नेपालले आफ्नो स्थापनाकालदेखि नै जिल्लाको समग्र विकासमा योगदान पुऱ्याउनका लागि विभिन्न सरकारी तथा गैर सरकारी निकायसँग हातेमालो गर्दै ग्रामीण क्षेत्रमा मानव अधिकार, विपद् तथा जलवायु परिवर्तनका असर न्यूनीकरण, कृषि, स्वास्थ्य र शिक्षा क्षेत्रका कार्यक्रम लक्षित समुदायसम्म पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्दै आइरहेको छ।

सधैंका वर्षहरूमा भैं यस वर्ष पनि संस्थाले वर्षभरीमा सञ्चालन गरेका गतिविधिहरूलाई समेटी वार्षिक प्रगति पुस्तिका प्रकाशन गरी सरोकारवाला निकायसँग प्रस्तुत गर्ने गरेका छौं। यसले संस्थासँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सरोकार राख्नुहुने महानुभावहरू सबैको रुचिको विषय हुनेछ भन्ने कुराको आशा लिएको छु। साथै संस्थाबाट निदृष्ट गरेका कार्यक्रमहरू सम्पन्न गर्न निरन्तर प्रयास गर्नुहुने यस संस्थाका विभिन्न तहका कर्मचारीहरूलाई धन्यवाद दिन चाहान्छु। यस पुस्तक प्रकाशन र अध्ययन पश्चात् यसमा भएका केही गल्ती कमजोरीहरूलाई औंल्याई अगाडि बढ्न मार्ग निर्देशन दिनुहुन अनुरोध गर्दै निरन्तर सुझाव र सल्लाहको अपेक्षा गर्दछु।

संयोजक
वार्षिक प्रगति पुस्तिका प्रकाशन समिति
सोसेक नेपाल

# विषयसूची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| | **भाग-१** | |
| | **नेपाल, कर्णाली प्रदेश र दैलेखको संक्षिप्त परिचय** | |
| १.१ | पृष्ठभूमि | १ |
| | **भाग-२** | |
| | **सोसेक)नेपालको संक्षिप्त परिचय** | |
| २.१ | परिचय | ४ |
| २.२ | परिकल्पना | ४ |
| २.३ | ध्येय | ४ |
| २.४ | लक्ष्य | ५ |
| २.५ | उद्देश्यहरू | ५ |
| २.६ | सोसेकको मूल्य र मान्यता | ५ |
| २.७ | लक्षित समूह | ५ |
| २.८ | विषयगत क्षेत्र | ५ |
| २.९ | निर्देशक सिद्धान्तहरू | ६ |
| २.१० | कार्य सञ्चालन पद्धति | ६ |
| २.११ | सोसेकको विशेषज्ञताको क्षेत्रहरू | ७ |
| २.१२ | सोसेकको नीति र दिशानिर्देशहरू | ७ |
| २.१३ | संस्थाको कार्य समितिको बनोट | ८ |
| २.१४ | संस्थामा कार्यरत कर्मचीहरूको विवरण | ९ |
| २.१५ | सोसेक सञ्चार र रिपोर्टिङ रणनीति | १२ |
| २.१६ | आर्थिक वर्ष २०७८/०७९ का लागि सोसेकले कार्यान्वयन गरिएको प्रमुख परियोजनाहरू | १६ |
| | **भाग-३** | |
| | **संस्थाद्वारा संचालन गरिएका परियोजनाका मुख्य उपलब्धीहरू** | |
| ३.१ | राउटे परियोजना | १६ |
| ३.२ | एकीकृत जलश्रोत व्यवस्थापन कार्यक्रम | १७ |
| ३.३ | महिला, यूवा तथा बाल अधिकार प्रबर्द्धन (आधार) परियोजना | १८ |
| ३.४ | सहयात्रा दोस्रो चरण | २० |
| ३.५ | गुणस्तरीय शिक्षा अभिवृद्धि, स्वास्थ्य र जीविकोपार्जन सहयोग (सहकार्य) परियोजना | २६ |

३.६ जलवायु समानुकूलन र आर्थिक समृद्धिका लागि समावेशी नागरिक समाज संघ संस्थाहरूको क्षमता अभिवृद्धि (उत्थान) परियोजना २७
३.७ कर्णाली नदी बेसिनमा जलवायू उत्थानशील तथा महिला उत्तरदायी कृषि र उद्धम (ग्रिन कर्णाली परियोजना) ३०
३.८ महिला र बालबालिका केन्द्र, दैलेख ३१
३.९ बाल हेल्पलाईन १०९८ दैलेख ३२
३.१० महिला र बालबालिका केन्द्र, कालिकोट ३४
३.११ बाल हेल्पलाईन १०९८, कालिकोट ३५
३.१२ गरीब र सिमान्तकृत किसानहरूको जीविकोपार्जन उत्थानशील परियोजना (साकार) ३६
३.१३ संस्थाद्धारा संचालित एम्बुलेन्स सेवा एम्बुलेन्स सेवा सुरु ३७
३.१४ आन्तरिक कोषबाट सम्पादन गरिएका क्रियाकलापहरू ३८
३.१५ संस्थाद्वरा आ.व. २०७८/०७९ मा सञ्चालित कार्यक्रमबाट लाभान्वित जनसंख्याको संक्षिप्त विवरण ३९

## भाग ४

## वार्षिक लेखा परीक्षण प्रतिवेदन

४.१ बार्षिक लेखा परीक्षण बिबरण २०७८/०७९ ४१

## भाग ५

## सफल अभ्यास, सिकेका पाठ र चुनौती

५.१ संस्थाले यस वर्ष गरेका राम्रा अभ्यास (Best Practice) ४५
५.२ सिकेका पाठ (Lesson Learned) ४६
५.३ समस्या तथा चुनौति र समाधानका लागि गरिएका प्रयासहरू (Challanges) ४८

# भाग-१
# नेपाल, कर्णाली प्रदेश र दैलेखको संक्षिप्त परिचय




### १.१ पृष्ठभूमि:

नेपाल, एसियाको देश, हिमालय पर्वत श्रृङ्खलाको दक्षिणी भिरालोमा अवस्थित छ। यो पूर्व, दक्षिण र पश्चिममा भारत र उत्तरमा चीनको तिब्बत स्वायत्त क्षेत्रको बीचमा अवस्थित भूपरिवेष्ठित देश हो। यसको क्षेत्र पूर्वदेखि पश्चिम सम्म लगभग ५०० माइल (८०० किलोमिटर) र उत्तरदेखि दक्षिण ९० देखि १५० माइल फैलिएको छ। नेपालको संघीय राजधानी काठमाडौं हो। नेपालले विश्वको सबैभन्दा कठिन हिमाली भूभागहरू समावेश गर्दछ। देशको करिब ७५ प्रतिशत भू-भाग पहाडले ओगटेको छ। दक्षिणदेखि उत्तरसम्म, नेपाललाई तीन मुख्य भौतिक बेल्टमा विभाजन गर्न सकिन्छ, यो

देश पूर्वदेखि पश्चिमसम्म फैलिएको छ। यी हुन्, पहिलो, तराई, भारतको सिमानासँग जोडिएको तल्लो, समतल, उर्वर भूमि; दोस्रो, पहाडी क्षेत्र र तेस्रो हिमाल। सन् २०१९ को लागि नेपालको एचडीआई मान ०.६०२ हो। जसले देशलाई मध्यम मानव विकास सूचांक श्रेणीमा १८९ देशमध्ये १४२ औं स्थानमा राखेको छ।

मुलुक संघीय संरचनामा गएपछि नेपाललाई सात प्रदेश र ७७ जिल्लामा विभाजन गरिएको छ। सात प्रदेशमध्ये एक कर्णाली प्रदेश हो जसमा १० जिल्लाहरू पर्दछन्। कर्णाली प्रदेशको उत्तरमा चीन, पश्चिममा सुदूरपश्चिम प्रदेश र पूर्वमा गण्डकी प्रदेश र प्रदेश ५ को सिमाना छ। यस प्रदेशमा ५४ ग्रामीण गाउँपालिका र २५ शहरी नगरपालिकाहरू छन्, र लगभग ३००,०० घरपरिवारहरू बसोबास गर्दछन्। भौगोलिक फैलावटको हिसाबले, यो ३०,२११ वर्ग किलोमिटर क्षेत्रफल भएको देशको सबैभन्दा ठूलो प्रदेश हो, जसले नेपालको कूल क्षेत्रफलको झण्डै पाँच भाग ओगटेको छ। यद्यपि, यो १.५ मिलियन भन्दा बढी मानिसहरूको साथ कम जनसंख्या भएको प्रदेश हो। राष्ट्रिय जनसंख्याको छ प्रतिशत र देशको सबैभन्दा कम प्रदेशीय घनत्व (५६ व्यक्ति प्रति वर्ग किलोमिटर) हो। विगत केही दशकहरूमा ठूला सुधारका बाबजुद पनि यो प्रदेश विकासका विभिन्न क्षेत्रमा पछाडि छ। यसका करिब २८.९ प्रतिशत जनता गरिबीको रेखामुनि रहेका छन् जसको प्रतिव्यक्ति आय ४६०६ अमेरीकी डलर रहेको छ, जुन राष्ट्रिय औसतभन्दा निकै कम छ। प्रदेशको साक्षरता दर ६२ प्रतिशत रहेको छ (पुरुषको ७२ प्रतिशत र महिलाको ५३ प्रतिशत)। त्यस्तै, ५१.२ प्रतिशत जनता बहुआयामिक रूपमा गरिब छन्, भने प्रदेशको मानव विकास सूचकांक (एचडीआई) ०.४२७ मात्र रहेको छ, जुन दुवै राष्ट्रिय औसतबाट क्रमशः २८ प्रतिशत र ०.४९ भन्दा कम छन् कर्णालीबासीको औसत आयु ६७ वर्ष छ यो औषत आयु अन्य सबै प्रदेशको भन्दा कम रहेको छ।

यसै गरी स्वास्थ्य क्षेत्रमा हेर्ने हो भने यहाँका पाँच वर्षमुनिका बालबालिकामा कुपोषण ५८ प्रतिशत रहेको देखिन्छ। यसबाहेक, कूल जनसंख्याको ३५.९ प्रतिशत सुरक्षित पानीको पहुँचमा छैनन्, र ५० प्रतिशत घरपरिवारमा मात्र उचित शौचालयको सुविधा छ साथै कर्णाली प्रदेशमा ४३९ जनस्वास्थ्य संस्था छन्। यो नेपालको कुलको क्रमशः ६ प्रतिशत र ८ प्रतिशत हो। सामाजिक-जातीय संरचनाको आधारमा, यस प्रदेशमा ब्राह्मण र क्षेत्री (६२ प्रतिशत), त्यसपछि दलित (२३ प्रतिशत), जनजाति (१३ प्रतिशत), थारु (०.५ प्रतिशत), मधेसी (०.२४ प्रतिशत) र मुस्लिमहरू (०.१८ प्रतिशत) जनसंख्या रहेको छ। नेपाली भाषा सबैभन्दा बढी प्रयोग हुने भाषा हो, जसलाई ९५ प्रतिशत मानिसहरूले प्रयोग गर्छन्, त्यसपछि मगर भाषा आउँछ। यस प्रदेशमा धेरैजसो हिन्दू (९५ प्रतिशत), बौद्ध (तीन प्रतिशत), इसाई (एक प्रतिशत) र अन्य (०.२७ प्रतिशत) छन्। यस प्रदेशले नेपालको कूल ग्राहस्थ उत्पादनमा चार प्रतिशतभन्दा कम योगदान पुर्‍याउँछ, जुन पहाडी तथा हिमाली अप्ठ्यारो भू-भाग र सीमित संख्यामा दर्ता भएका उद्योगहरू (मार्च २०१९ मा ३९ मात्रै) भएकाले यो अचम्मको कुरा होइन।

सार्वजनिक प्रशासन र रक्षाको क्षेत्रमा प्रादेशिक जीडीपीमा यो प्रदेशको योगदानमा ११ प्रतिशत छ। त्यसपछि शिक्षा (सात प्रतिशत), स्वास्थ्य र सामाजिक कार्य (सात प्रतिशत), होटल र रेष्टुरेन्ट (पाँच प्रतिशत) र अन्य सामुदायिक, सामाजिक र व्यक्तिगत सेवा गतिविधिहरू (सात प्रतिशत) छन्। पाँच प्रतिशत कृषि तथा वन, उत्पादन र वित्तीय मध्यस्थता जस्ता अन्य क्षेत्रको योगदान क्रमशः ४ प्रतिशत, ०.७ प्रतिशत र ०.९ कर्णाली प्रदेशमा पुराना रारा र शे फुक्सुण्डो तालहरू जस्ता धेरै उल्लेखनीय पर्यटकीय स्थलहरू छन्। सुर्खेतमा रहेको काँक्रे विहारका भग्नावशेषहरू कम्बोडियाको अङ्कोरवाट मन्दिरसँग मिल्दोजुल्दो छन्। सांस्कृतिक महत्वका अन्य स्थानहरूमा बडिमालिका, देउती बज्यै र चन्दननाथ मन्दिरहरू पर्दछन्। काञ्जिरोवा हिमाल, कान्ति हिमाल,

गोरख हिमाल जस्ता उच्च हिमाली चुचुराहरू पनि यस प्रदेशमा पर्दछन्। कर्णाली प्रदेशले पश्चिमी चीनको अन्तर्राष्ट्रिय व्यापार र पर्यटकीय नाका बन्ने सम्भावना बोकेको छ। यो सार्वजनिक वित्त पोषित सामाजिक-आर्थिक कार्यक्रमहरूको लागि उर्वर भूमि भएको छ।

कर्णाली प्रदेश कृषि उत्पादनको क्षेत्रमा बार्षिक उत्पादन हुने कृषिवस्तुहरू क्रमशः ११९,५००.५४ मेट्रिक टन (MT) आलु, १५२,५७७ मेट्रिक टन मकै र १६०,७७२ KL दूध रहेको छ। कूल खेतीयोग्य जमिनमध्ये ३१.५ प्रतिशतमा मात्र पूर्ण र आंशिक सिँचाइ सुविधा छ। जुन सबै प्रदेशको तुलनामा सबैभन्दा कम हो। यस क्षेत्रले १६.८ हजार मेट्रिक टनको आधारभूत खाद्यान्न उपलब्धता घाटा पनि सामना गरिरहेको छ। जैविक विविधता, हावापानी र उचाइको साथ, कर्णाली प्रदेश विविध पारिस्थितिक प्रणालीहरूको घर हो। नतिजाको रूपमा, यसमा वनस्पति र जीवजन्तुहरूको अद्वितीय संयोजन, समृद्ध सांस्कृतिक सम्पदा र आश्चर्यजनक सुन्दर परिदृश्यहरू छन्। यी मध्ये धेरै वनस्पति र जीवजन्तुहरू नेपालका लागि स्थानीय हुन् र मानवीय प्रभावहरू जस्तै वासस्थानको क्षति, खण्डीकरण र जलवायु परिवर्तनका कारण विश्वव्यापी रूपमा देखापरेका जोखिम क्षेत्रहरू मध्ये यो प्रदेश पनि उच्च जोखिममा रहेको छ। प्रदेशको इतिहासलाई हेर्ने हो भने तुलनात्मक रूपमा बाइसे चौबिसे राज्यको अवस्थामा कर्णाली एक शक्तिशाली र समृद्ध राज्य रहेको पाईन्छ।

दैलेख जिल्ला कर्णाली प्रदेशमा रहेका १० जिल्लामध्ये एक पहाडी जिल्ला हो। यसको पूर्वमा जाजरकोट, पश्चिममा सुदुरपश्चिम प्रदेशको अछाम, उत्तरमा कालिकोट र दक्षिणमा सुर्खेतसँग सिमाना जोडिएको छ। दैलेखमा ४ नगरपालिका र ७ गाउँपालिका छन्। दैलेखको कूल क्षेत्रफल १,५०२ वर्ग किलोमिटर छ र यसमा ४ नगरपालिका र ७ गाउँपालिका, २ संघीय निर्वाचन र ४ प्रादेशिक निर्वाचन क्षेत्र छन्। जिल्लाको ८० प्रतिशत भूभाग पहाडी तथा २० प्रतिशत भूभाग उच्च भूभागमा पर्दछ। जिल्लाको सबैभन्दा तल्लो उचाइ बिन्दु ५४४ मिटर (तल्लो डुङ्गेश्वर) र उच्चतम उचाइ बिन्दु औसत समुद्र सतहबाट ४,१६८ मिटर (महाबुलेक) छ। दैलेखको भौगोलिक स्थानः २८० ५०' N देखि २९० १२' N सम्म अक्षांश र ८१० ३०' E देखि ८२० ०६' E सम्म देशान्तर।

जिल्लाको नामाकरणको सन्दर्भमा दधीलेकबाट अप्रभंश भएर दैलेख नाम आएको किम्बदन्ती रहेको छ। जसको अर्थ दधी भनेको दधीचि ऋषिको नाम हो। किम्वदन्ती अनुसार पुरातन समयमा दधीचि ऋषिले यस जिल्लामा ध्यान गरेका भन्ने उल्लेख गरिएको छ। व्युत्पत्ति शास्त्रमा 'दधीलेख' भनेको ऋषि दधीचिले ध्यान गरेको पहाड हो। नामको बारेमा अर्को कथा पनि छ कि पुरातन समयमा यो देवताको ठाउँ थियो, त्यसैले यसलाई "दैवलोक" भनियो जुन पछि अप्रभंश भएर 'दैलेख' भयो।

दैलेख जिल्ला १२ औं शताब्दीदेखि १४ औं शताब्दीमा खस राज्यको हिस्सा थियो। सिञ्जा उपत्यका खस राज्यको पुरातन राजधानी र शक्तिशाली शहर थियो। खस राज्यको पतनपछि यो धेरै साना राज्यहरूमा विभाजित भयो। आधुनिक नेपालको एकीकरण हुनुअघि कर्णाली क्षेत्रको बाइस राज्य (बाइसे राज्य) नामको युनाइटेड किंगडम थियो। यसै अन्तर्गत दैलेख राज्य पनि त्यतिबेला बाइस मध्ये एक रियासत थियो।

# भाग २
# सोसेक नेपालको संक्षिप्त परिचय

## २.१ परिचय

सोसेक नेपाल, दैलेखका ग्रामीण समुदायमा बसोबास गर्ने पिछडिएका तथा पछाडि पारिएका जनताको सामाजिक आर्थिक तथा सांस्कृतिक अवस्थाको वृहत्तर सुधारका लागि पार्टीगत राजनीतिबाट अलग रहेर एक मुनाफा रहित सेवा प्रदायक संस्थाको रूपमा २०५४ सालमा स्थापना भएको सामाजिक संस्था हो। देशको समग्र क्षेत्रको विकासका लागि सरकारी क्षेत्रबाट मात्रै सम्भव नहुने कुरालाई मध्यनजर गर्दै नागरीक समाजले पनि समाजको विकासको लागि केही पहल गर्नु पर्दछ भन्ने जोश र जांगरका साथ एउटै सोच र धारणा बोकेका केही दैलेखी युवाहरूको सिर्जनशीलताको उपजको रूपमा रहेको सोसेकको कार्यकारिणी समितिमा दलित, महिला र जनजातिको बाहुल्यता रहने गरी विधानतः व्यवस्था गरिएको छ। मानव अधिकार, स्वास्थ्य, शिक्षा तथा सरसफाई र कृषि क्षेत्रको विकासमा थप टेवा पुऱ्याउने मूल ध्येयका साथ आफ्ना गतिविधीहरूलाई अगाडि बढाईरहेको यस संस्थाले आफ्नो उद्देश्यसंग मेल खाने समुदायको वास्तविक आवश्यकतालाई परिपूर्ति गर्न सक्ने र वस्तु भन्दा सिपलाई प्राथामिकता दिई समुदाय प्रवेश गर्न चाहने सरोकारवाला पक्षसंग हातेमालो गर्दै कार्यक्रम सञ्चालन नीतिलाई अवलम्बन गर्दै आईरहेको छ। सोसेक नेपाल विपन्न वर्गमा, विपन्न वर्गका लागि र विपन्न वर्गलाई नै विकासको सम्बाहकको रूपमा लिनु पर्दछ, भन्ने विषय सहमतिका साथ स्थानीय श्रोत र साधन तथा सीपलाई बढीभन्दा बढी प्रयोगमा ल्याउन आफ्नो स्थापना काल देखि लागि परेको संस्था हो। यसले समुदायमा विकासका लागि समुदाय नै बढी चनाखो र जिम्मेवार हुनु पर्दछ भन्ने मूल मन्त्रलाई विभिन्न चेतनामूलक कार्यक्रमहरूबाट जनसमुदायमा अमिट छाप पारेर कार्यक्रमप्रति अपनत्वपनको भावना विकास गराउन, सञ्चालित क्रियाकलापले संस्थाको दिगोपनालाई अझ बढी प्रगाढ बनाएको कुरा सिद्ध हुन्छ। संस्थाको २४औं साधारण सभाबाट दलित पुरुष ०, दलित महिला १, जनजाति महिला १, अन्य महिला ४ र अन्य पुरुष ५ गरी जम्मा ११ जनाको कार्यकारिणी समिति चयन भएकोमा हाल कार्यसमितिमा दलित महिला १, जनजाति महिला १, अन्य महिला ४ अन्य पुरुष ५ गरी जम्मा ११ जनाको कार्यसमिति रहेको छ। भने आजीवन सदस्य १४६, साधारण सदस्य ८ जना रहेको छ।

## २.२ परिकल्पना :

हामी गरिवीमुक्त, विभेद रहित, हिंसा रहित, न्यायमूलक र स्वस्थ एवं समृद्ध समाजको निर्माण भएको देख्न चाहान्छौं। यो संस्था एकीकृत विकासका लागि प्रतिबद्ध, समर्पित र स-शक्त संस्थाको रूपमा परिचित हुनेछ।

## २.३ ध्येय :

सामाजिक परिचालन र जनसहभागिताको माध्ययमबाट जनजाति, गरिब, दलित, महिला र बालबालिकालाई सवालमखी, सुधारमुखी, राहतमुखी कार्यक्रमहरू प्रदान गरी उनीहरू स्वयंबाट सबै प्रकारका विभेदका स्वरूपहरू लाई सम्बोधन गर्न सक्षम बनाउनु हो।

## २.४ लक्ष्य :

(क) सामाजिक समावेशीकरणलाई केन्द्र मानी लक्षित समुदायको शैक्षिक, स्वास्थ्य, आर्थिक र सामाजिक स्तरमा सुधार ल्याउनु ।

(ख) अधिकारबाट वञ्चित वर्गको क्षमता अभिवृद्धि गरी अधिकारको क्षेत्रमा पहुँच पुऱ्याउनु ।

(ग) संस्थाको मानवीय क्षमताको विकासमा जोड दिदै संस्थागत क्षमता अभिवृद्धि गर्नु ।

## २.५ उद्देश्यहरू :

(क) स्थानीय स्तरमा सामाजिक पुँजीको निर्माणबाट आय स्तरमा वृद्धि गर्ने ।

(ख) स्थानीय स्तरमा कृषि, वन तथा वातावरण संरक्षण, पर्यटकीय क्षेत्रको विकास, पशु विकास र प्रवर्धनबाट व्यवसायीकरणको विकास गर्ने ।

(ग) विभिन्न निकायहरूको साझेदारिमा स्थानीय स्तरमा आवश्यक पर्ने लघु पूर्वाधारहरूको विकास प्रवर्धन गर्ने ।

(घ) संस्थामा आवद्ध मानवीय श्रोतको क्षमता अभिवृद्धि गरी संस्थाको दिगो विकास गर्ने ।

(ङ) समुदायमा सामाजिक जागरणको माध्यमबाट लैङ्गिक तथा जातीय विभेदलाई कम गर्न जनचेतना अभिवृद्धि गर्ने र अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिकको हक अधिकारको संरक्षणका लागि पैरवी गर्ने ।

(च) स्वास्थ्य सम्बन्धी प्रजनन् स्वास्थ्य, सामुदायिक स्वास्थ्य र ज्क्षख्रब्क्ष्म्क का पक्षमा जनचेतना अभिवृद्धि गर्ने र स्वास्थ्य सम्वन्धी शिविर सामुदायिक क्लिनिक सञ्चालन गर्ने ।

(छ) बजारको मागमा आधारित स्थानीय सीप तथा प्रविधिको विकासबाट रोजगारिमा वृद्धि गर्ने ।

(ज) मानव अधिकारको संरक्षणको लागि चेतना जगाउदै विपद् जोखिम न्यूनीकरण क्षेत्र, जोखिममा रहेका तथा प्रभावित समुदायलाई मानवीय सहयोगको लागि पहल गर्ने ।

(झ) समाजमा रहेका कुरीतिको अन्त्य गर्न, बाल अधिकारको संरक्षणका लागि औपचारिक तथा अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने ।

(ञ) समुदायको चेतना अभिवृद्धि गर्न पत्र-पत्रिका प्रकाशन तथा सामुदायिक रेडियो संचालन गर्ने ।

(ट) मानव बेचबिखन विरुद्ध जनचेतनामूलक अभियानका क्रियाकलाप तथा ऐम्बुलेन्स सेवा सञ्चालन गर्ने ।

## २.६ सोसेकको मूल्य र मान्यता :

"सामाजिक समानता, जनसहभागिता, पारदर्शिता र तटस्थता"

## २.७ लक्षित समूह :

सोसेकले सञ्चालन गर्ने कार्यक्रमहरूमा निम्न समुदायलाई लक्षित समुदायको रूपमा प्रमुख मान्यता दिइएको छ । जनजाति, गरिव, दलित, महिला, युवा र बालबालिका

## २.८ विषयगत क्षेत्र :

**सोसेकका विषयगत क्षेत्र**

- गैह्र/कृषिमा आधारित उद्यमको मूल्य श्रृङ्खला पद्दति मार्फत जीविकोपार्जन सुधार,
- लैङ्गिक हिंसा, बाल अधिकार/बाल अधिकार शासन, समानता र मानव अधिकार बारे चेतना जगाउने,
- व्यक्तिगत, सामुदायिक स्वच्छता, सरसफाइ र जलवायुमैत्री पूर्वाधार विकासमा चेतना जगाउने,
- सामुदायिक नेतृत्वमा विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन सीपमा अनुसन्धान र प्राविधिक सहयोग ।

## २.९ निर्देशक सिद्धान्तहरू :

- कार्यक्रमका प्राथामिकताहरूले संस्थाका लक्ष्य तथा उद्देश्यसंग मेल खाने हुनुपर्दछ।
- परिवर्तनका मूख्य सम्बाहकको रूपमा रहेका महिला, युवा तथा बालबालिकाहरूको सवालमा केन्द्रित कार्यक्रम सञ्चालन गर्ने गर्दछ।
- लैङ्गिक जातजाति तथा गरिबमुखी नीति तथा कार्यक्रमका लागि अगुवाई तथा सल्लाह प्रदान गरी आवश्यक सहयोग गर्ने गर्दछ।
- विकास जनचाहना अनुरूप र जनसमुदायको अगुवाईमा कार्यक्रमहरू संचालन तथा लागू गर्नको लागि सशक्तीकरणका कार्यक्रहरू संचालन गर्दछ।
- विकासका प्रत्येक गतिविधिहरूमा भौगोलिक र सांस्कृतिक विविधताले औंल्याएका अवसरहरू समेट्नका लागि यथासम्भव प्रयास गर्ने गर्दछ।
- लक्षित समुदायका मानिसहरूमा सामुहिक भावना तथा स्वावलम्बन विकासको लागि चेतना अभिवृद्धि तथा संस्थागत विकासका कार्यक्रम सञ्चालन गरिनेछन्।
- संस्थागत स्वायत्तता र संस्थाको बौद्धिक, नैतिक एवं वित्तिय अखण्डताको संरक्षण गर्दछ।
- बदलिंदो परिप्रेक्ष्य अनुसार संस्थागत कार्यनीतिहरू आवश्यकता अनुसार परिवर्तन गर्दछ।
- गाउंपालिका, नगरपालिका तथा जिल्ला स्तरमा तालिम, कार्यशाला गोष्ठी, अन्तरक्रिया र सेमिनारहरूको आयोजना गरी सहभागितात्मक कार्य प्रणालीका अनुभवहरू आदानप्रदान गर्दछ।

## २.१० कार्य सञ्चालन पद्धतिः

**क) सामुदायिक सशक्तीकरण पद्धतिः** समुदायका सदस्यहरू विशेषगरी गरिब र उत्पीडितहरूमाथिको निर्णय र गतिविधिले पार्ने प्रभावलाई ध्यानमा राखेर उनीहरूलाई यी गतिविधिहरूमा पूर्णरूपमा सहभागी हुन र त्यसको स्वामित्व लिन सक्षम बनाई क्रियाकलापहरू संचालन गरिन्छ।

**ख) मानव अधिकारमा आधारित पद्धतिः** (HRBA) मानव अधिकारमा आधारित रही अधिकार र धारकहरूको क्षमतालाई सुदृढ पार्ने उद्देश्यले उनीहरूलाई ज्ञान सीपहरू प्राप्त गर्न मद्दत गर्ने, जसले ज्ञान, सीप र धारणामा परिवर्तन गराउँछ। समुदायका सदस्यहरूलाई सूचित गर्ने निर्णय गने आधिकारका लागि सकृय नागरिकहरूमा रूपान्तरण गर्दछ।

**ग) एकीकृत कार्यक्रम संचालन पद्धतिः** सासेक नेपालले समुदायको आवश्यकताको आधारमा नेपाल सरकारका कार्यक्रमसँग तालमेल गर्दै गरिब र सिमान्तकृत समुदायहरूसँग तालमेल सिर्जना गर्न र स्थानीय क्षमता र स्रोतहरूको उपयोग गर्न प्रयास गर्दछ।

**घ) सहभागितामूलक र समावेशी पद्धतिः** सोसेक नेपालले सहभागितामूलक दृष्टिकोणबाट सरोकारवाला, अधिकार धारक र समुदायलाई समावेश गर्ने कार्यक्रमहरूको योजना, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको विकास गर्दछ। गरिब र सिमान्तकृत समुदायलाई औपचारिक र अनौपचारिक संस्थाहरूमा समावेश गर्न स्थानीय सरकारहरूलाई सहजीकरण गरी स्थानीय निकाय र सामुदायिक कार्यहरूमा प्रभावकारी सहभागिताका लागि समुदायका सदस्यहरूको क्षमता विकास गर्न सहजीकरण गर्ने गर्दछ।

**भ) जलवायु न्याय र वातावरणीय दिगोपनः** सोसेक नेपालले वातावरणीय सरोकारका सबै विकासका

गतिबिधिहरूमा निर्णय र कार्यान्वयन प्रक्रियामा समावेश गर्न प्रतिबद्ध रहन्छ। जसले व्यवहार परिवर्तन, लचिलोपन बढाउने र जोखिम कम गर्ने लक्ष्य राखेर यसका सबै कार्यक्रमहरूमा जलवायु अनुकूलन ढांचा निर्माण गरी लागू गर्ने गर्दछ।

## २.११ सोसेकको विशेषज्ञताको क्षेत्रहरू :

सोसेकले स्थापना कालदेखि नै विभिन्न सहयोगी संस्थाको आर्थिक तथा प्राविधिक सहयोगमा विविध कार्यक्रमहरू कार्यान्वयन गरिरहेको छ। जसबाट वर्तमान परिवेशका बावजुद पनि सञ्चालित कार्यक्रमलाई प्रभावकारी रूपबाट लक्षित समुदायसम्म पुऱ्याउनका लागि स्थान तथा कार्यक्रम अनुसारको कार्यनीति अपनाई आफ्नो मूल्य र मान्यतामा अडिग रहेर कार्यक्रम कार्यान्वयन तथा सम्पादन गर्दै आईरहेको छ। जसले गर्दा सम्पादित कार्यक्रमहरू कार्यक्रममुखी नभएर लक्षित समुदायमुखीतिर उन्मुख भएका कारणले गर्दा सोसेकले आफूलाई निम्न क्षेत्रमा विशेषज्ञता हासिल गरेको ठानेको छ।

१. लैङ्गिक अवधारण र विकास
२. दलित अधिकार
३. बाल अधिकार, महिला अधिकार र युवा अधिकार
४. बाल अधिकार संरक्षण, सुशासन
५. मानवीय श्रोत विकास
६. स्वास्थ्य, गुणस्तरीय शिक्षा, औपचारिक तथा अनौपचारिक शिक्षा
७. खानेपानी तथा स्वास्थ्य सरसफाई
८. पूर्वाधार तथा सिंचाई व्यवस्थापन
९. उद्यम विकास तथा बजार अन्तर सम्बन्ध
१०. सामुदायिक संगठन र विकास
११. यौन तथा प्रजनन तथा एच.आई.भि./एड्स
१२. प्राकृतिक श्रोत व्यवस्थापन तथा जैविक विविधता
१३. द्वन्द्व व्यवस्थापन
१४. संस्थागत क्षमता अभिवृद्धि
१५. विपद् तथा जलवायु परिवर्तनका असर न्यूनीकरण

## २.१२ सोसेकको नीति र दिशानिर्देशहरू :

संस्थालाई सुशासनतर्फ लैजान विभिन्न नीति तथा मार्गनिर्देशनहरू तयार भएका छन्। सोसेकमा नीति र दिशानिर्देशहरू निम्नानुसार छन्ः

- संस्थाको संविधान
- मानव संसाधन व्यवस्थापन नीति
- वित्त व्यवस्थापन नीति
- रणनीतिक नीति
- कार्यकारिणी सदस्य, कर्मचारी र उपसमितिका सदस्यहरूको कार्यविवरण
- लैंगिक समनता तथा सामाजिक समावेशीकरण नीति
- बाल सुरक्षा नीति
- परिचालन व्यवस्थापन निर्देशिका
- साझेदारी नीति
- अनुगमन, मूल्यांकन, जवाफदेहिता तथा सिकाइ निर्देशिका
- तथ्यांक संरक्षण नीति
- पञ्चबर्षिय रणनैतिक योजना
- परामर्शदाता र सेवा खरिद नीति
- क्षमता निर्माण निर्देशिका
- सुरक्षा नीति
- सवारी साधन सञ्चालन निर्देशिका
- सञ्चार निर्देशिका
- स्रोत परिचालन नीति
- कर्मचारी अभिमुखीकरण नीति
- सोसेकको आधारभूत मार्गनिर्देशन
- भ्रष्टाचार विरुद्धको नीति
- पृष्ठपोषण सुनुवाइ संयन्त्र निर्देशिका
- टोल-फ्री सञ्चालन निर्देशिका
- अपांगतामैत्री निर्देशिका

## २.१३ संस्थाको कार्य समितिको बनोट :

सोसेक नेपालको संस्थागत विकास, संस्थागत व्यवस्थापन तथा संस्थाद्धारा सञ्चालित परियोजना/कार्यक्रमहरूको प्रभावकारी सञ्चालन र व्यवस्थापनका लागि संस्थाको विधानको परिच्छेद ६ को दफा १७ अनुसार ११ जनाको केन्द्रीय कार्य समितिको गठन गरिएको छ। उक्त कार्य समितिको चयन विधानमा उल्लेख भए बमोजिम प्रत्येक ३ बर्षमा हुने साधारण सभा तथा अधिवेशनबाट निर्वाचन तथा सर्वसम्मत विधिबाट चयन गर्ने गरिएको छ। यसरी कार्य समिति चयन हुने प्रक्रियाअनुसार गत वर्ष २०७८ भाद्र ११ गतेको २४ औं साधारण सभा तथा अधिवेशनबाट अध्यक्ष सहित ११ जनाको केन्द्रीय कार्य समिति चयन भएको छ। ११ जना केन्द्रीय कार्यसमितिको




विवरण तथा जातीय र लैंगिक अवस्था तलको तालिका तथा चार्टमा देखाइए अनुसार रहेको छ।

### तालिका नं. १ : संस्थाको केन्द्रीय कार्य समिति पदाधिकारीहरूको विवरण

| सि.नं. | पदाधिकारीको नाम | ठेगाना | पद | कैफियत |
|---|---|---|---|---|
| १ | मञ्जुकुमारी खड्का | डुंगेश्वर गाउंपालिका- २ | अध्यक्ष | |
| २ | हीरासिंह थापा | भैरवी गाउंपालिका - २ | निवर्तमान अध्यक्ष | |
| ३ | कबिराज रिजाल | भैरवी गाउपालिका- २ | उपाध्यक्ष | |
| ४ | महेन्द्रकुमार कार्की | दुल्लु नगरपालिका- ४ | महासचिव | |
| ५ | कमला चन्द | नौमुले गाउंपालिका - ८ | कोषाध्यक्ष | |
| ६ | ललिताकुरमाी भण्डारी | नारायण नगरपालिका-८ | सचिव | |
| ७ | सुजन न्यौपाने | दूधपोखरी गा पा-२, लमजुङ | सदस्य | |
| ८ | कमलाकुमारी नेपाली वादी | नारायण नगरपालिका- ६ | सदस्य | |
| ९ | मनसरा थापा | नारायण नगरपालिका-११ | सदस्य | |
| १० | लक्ष्मणकुमार कार्की | दुल्लु नगरपालिका- ४ | सदस्य/युवा/अपांग | |
| ११ | संगिता राना | नारायण नगरपालिका- १ | सदस्य | |

## २.१४ संस्थामा कार्यरत कर्मचारीहरूको विवरण :

सोसेक नेपालद्धारा संचालन गरिएका परियोजना तथा कार्यक्रमहरूको अनुगमन, मूल्यांकन तथा क्रियाकलापहरूको प्रभावकारी सञ्चालनका लागि सञ्चालित विभिन्न ९ ओटा परियोजना तथा कार्यक्रमहरूमा ८७ जना योग्य, दक्ष र अनुभवी कर्मचारीहरू कार्यरत रहेको छ। कार्यक्रमहरूलाई अझ प्रभावकारी बनाउनका लागि कर्मचारीहरूको क्षमता विकास, कोचिङ तथा सहजीकरणको माध्यमबाट सेवाग्राहीहरूमा प्राविधिक तथा सामाजिक विकासका गतिविधिहरू नियमित सञ्चालन गर्ने गरिएको छ। यसका साथै संस्थामा कार्यरत कर्मचारीहरूको अर्धवार्षिक तथा वार्षिक रूपमा कार्य दक्षता मूल्यांकन गरी कर्मचारीहरूको आवश्यक क्षेत्रमा क्षमता विकास तथा बढुवा, स्थानान्तरण, सम्मान तथा आवश्यक कारबाहीका प्रक्रियाहरू नियमित रूपमा कार्यान्वयन गरिने गरिएको छ। संस्थाद्धारा संचालित परियोजना तथा कार्यक्रमहरूमा आवद्ध कर्मचारीहरूको विवरण तलको तालिकामा देखाइएको छ।










कर्मचारीहरुको जातिगत विवरण
४०
३५
३०
२५
२०
१५
१०
५
०
७
४
५
२
३३
३९
1
दलित महिला
दलित पुरुष
जनजाती महिला
जनजाती पुरुष
ब्राम्हण क्षेत्री महिला
ब्राम्हण क्षेत्री पुरुष


कर्मचारीहरुको जातिगत विवरण
४५
४०
३५
३०
२५
२०
१५
१०
५
०
महिला
पुरुष
महिला
पुरुष
महिला
पुरुष

## तालिका २ हाल संस्थाद्वारा परिचालन गरिएका कर्मचारीहरूको परियोजनागत विवरण

| सि.नं. | परियोजनाको नाम | साझेदार संस्था | कर्मचारीहरुको जातिगत विवरण | | | | | | | | | कूल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दलित | | | जनजाती | | | ब्राम्हण क्षेत्री | | | | | |
| | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | सहयात्रा दोस्रो परियोजना | सेभ द चिल्ड्रेन | १ | १ | २ | १ | १ | २ | ८ | १२ | २० | १० | १४ | २४ |
| २ | ग्रिन कर्णाली परियोजना | डिसिए | ० | ० | ० | ० | ० | ० | २ | २ | ४ | २ | २ | ४ |
| ३ | आधार परियोजना | एइआइएन लक्जेम्बर्ग | २ | ० | २ | ० | ० | ० | ८ | ४ | १२ | १० | ४ | १४ |
| ४ | एकीकृत जलश्रोत व्यवस्थापन कार्यक्रम | हेल्भेटास नेपाल | १ | ० | १ | ० | ० | ० | २ | ६ | ८ | ३ | ६ | ९ |
| ५ | महिला र बालबालिका केन्द्र तथा बाल हेल्पलाईन १०९८ दैलेख र कालिकोट | राष्ट्रिय बाल अधिकार परिषद/एइआइएन लक्जेम्बर्ग/सामाजिक विकास मन्त्रालय | १ | २ | ३ | ३ | ० | १ | ५ | २ | ७ | ७ | ४ | ११ |
| ६ | राउटे परियोजना | एइआइएन लक्जेम्बर्ग | १ | १ | २ | १ | ० | ० | ३ | ३ | ६ | ४ | ४ | ८ |
| ७ | उत्थान परियोजना | यूरोपियन यूनियन | ० | ० | ० | ० | १ | १ | १ | ६ | ७ | १ | ७ | ८ |
| ८ | सोसेक आन्तरिक कोष | सोसेक नेपाल | | | ० | | | ० | | | ० | ० | ० | ० |
| ९ | सहकार्य परियोजना | एइआइएन लक्जेम्बर्ग | १ | ० | १ | ० | ० | ० | ४ | ४ | ८ | ५ | ४ | ९ |
| | कूल जम्मा | | ७ | ४ | ११ | ५ | २ | ७ | ३३ | ३९ | ७२ | ४५ | ४५ | ९० |

## २.१५. सोसेक सञ्चार र रिपोर्टिङ रणनीतिः

सोसेक नेपालले प्रभावकारी सूचना प्रवाह गर्नका लागि दोहोरो सञ्चार र रिपोर्टिङ संयन्त्र दुवैलाई अवलम्बन गर्दै आइरहेको छ तलको रेखाचित्रले सोसेकको लागि वास्तविक जानकारी प्रवाह संयन्त्रलाई चित्रण गर्दछ।



## २.१६ आर्थिक वर्ष २०७८/०७९ का लागि सोसेकले कार्यान्वयन गरिएको प्रमुख परियोजनाहरू :

| क्र.सं. | परियोजना र कार्यक्रमका नाम | साझेदार निकायहरू |
|---|---|---|
| 1 | Promotion of rights of women, children and youth in Dailekh and Kalikot districts, Karnali province, Nepal (AADHAR project) | AEIN Luxembourg |
| 2 | Integrated Water Resource Management program (IWRMP) | Helvetas Nepal |
| 3 | Promotion of health and education rights and improvement in daily lives of Raute people; Raute Project | AEIN Luxemburg |
| 4 | SAYAHATRA II Project, LGBTQI, SlaM | Save The Children |
| 5 | Climate and Gender Responsive Resilient Agriculture and Enterprises in Karnali River Basin; Green Karnali Project | DCA Nepal |
| 6 | Women and Children Service Center and Bal Help Line 1098, Dailekh | **NCRC, Ministry of Social Development, Karnali Province** WOREC/ AEIN Luxemburg |

| क्र.सं. | परियोजना र कार्यक्रमका नाम | साझेदार निकायहरू |
|---|---|---|
| 7 | Women and Children Service Center and Bal Help Line 1098, Kalikot | **NCRC, Ministry of Social Development, Karnali Province and AEIN Luxemborg,** |
| 8 | Enhanced Action of Inclusive CSOs for Participation in Climate Resilient Economic Growth (UTTHAN Project) | European Union/DCA |
| 9 | SAHAKARYA Project: Quality Education, health and Livelihood improvement of Thatikhand Rural municipality of Dailkeh. | AEIN Luxemburg |
| 10 | SACAR project: Livelihood Resilient Program for Poor and Marginalized farmers (SACAR) | DCA Nepal |

# भाग ३
# संस्थाद्वारा संचालन गरिएका परियोजनाका मुख्य उपलब्धीहरू

सोसेक नेपालले कर्णाली प्रदेश लगायत सुदुर पश्चिम प्रदेशका विभिन्न जिल्लाका ग्रामीण समुदायमा बसोबास गर्ने पिछडिएका समुदायको सामाजिक, आर्थिक र सांस्कृतिक स्थितिमा सुधारका लागि विभिन्न निकायको सहकार्य र सहयोगमा विभिन्न परियोजना/कार्यक्रमहरू कार्यान्वयन गर्दै आएको छ। जसका आ-आफ्नै विषयवस्तुहरू छन् । विशेष गरी सोसेक नेपालले तपसिल बमोजिमका विषयबस्तहरूलाई आधार मानी आफ्ना गतिविधिहरूलाई सञ्चालन गर्दै आएको छ :

(क) जीविकोपार्जन
(ख) लैङ्गिक (महिला, बालबालिका, सीमान्तकृत समुदाय) र मानव अधिकार
(ग) सरसफाइ र भौतिक पूर्वाधार र
(घ) विपद् जोखिम न्यूनीकरण र जलवायू परिवर्तन अनुकूलन

सोसेकले सरोकारवाला निकायहरू संगको समन्वय र सहयोगमा सहयोगी सामग्रीलाई भन्दा सीपलाई प्राथमिकता दिई समुदायको वास्तविक आवश्यकता अनुसार मानव अधिकारको प्रवर्धन र संरक्षण, स्वास्थ्य, शिक्षा र कृषि क्षेत्रको थप विकास गर्ने मूख्य उद्देश्य लिएको छ। विकासको अङ्गका रूपमा गरिब पक्षबाट गरिब पक्षको उत्थान नै उत्तम हुने विश्वास अनुसार र सोसेकले स्थानीय स्रोत साधन, स्थानीय सीप परिचालन गरी आफ्नै कार्यशैली अपनाउँदै कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ।

मानवअधिकार, स्वास्थ्य, शिक्षा र कृषि क्षेत्रलाई दिगो विकासको रूपमा रूपान्तरित गर्न सरोकारवाला निकाय र समूह, सहकारी, स्थानीय नागरिक समाज संघ संस्थाको क्षमता अभिवृद्धि गर्ने संस्थाको मूख्य उद्देश्य रहेकोले यस संस्थाले आफ्ना गतिविधिमा अघि बढ्दै आफ्नो उद्देश्यसँग मेल खाने समुदायका वास्तविक आवश्यकताहरू परिपूर्ति गर्न र समुदायलाई प्राथमिकतामा राखी काम गर्ने गरेको छ। वस्तु, समुदायमा प्रवेश गर्न चाहने सरोकारवालाहरूसँग समन्वय र सहकार्यमा सोसेक नेपालले स्थानीय श्रोत र सीपको सहमतिमा गरिबी निवारण, मानव अधिकार सुनिश्चितता, विपद् तथा जलवायु जोखिम न्यूनीकरण र पूर्वाधार विकास क्षेत्रका लागि स्रोतसाधन उपलब्ध गराउन विशेष चासो राखेको छ। यसले विभिन्न चासोका माध्यमबाट जनताको सहभागितामा आमिट छाप पार्दै समुदायको विकासका लागि समुदाय थप सजग र जिम्मेवार हुनुपर्छ भन्ने आधारभूत संयन्त्रको नेतृत्व गरेको छ र कार्यक्रमको भावनालाई प्रवर्धन गर्ने गतिविधिलाई विकास गर्न नेतृत्व गरेको छ।

आर्थिक वर्ष ०७८/७९ मा विभिन्न साझेदार निकायसंगको साझेदारी र समन्वयमा विभिन्न १२ कार्यक्रम/परियोजनाबाट २३ हजार ३७९ घरधुरीका ८१ हजार २० जना प्रत्यक्ष लाभान्वित भएका छन् । आर्थिक वर्ष २०७८/०७९ को परियोजना/कार्यक्रम अनुसार वार्षिक उपलब्धि तल प्रस्तुत गरिएको छ।

## ३.१ राउटे परियोजना

**कार्य क्षेत्र** : कर्णाली प्रदेश, राउटे बासस्थान क्षेत्र

**कार्यक्रमको अवधी** :
जुलाई २०१८ देखी डिसेम्बर २०२२ सम्म

**सहयोगी निकाय** : एईआइएन लग्जेम्बर्ग

**कार्यक्रमको उद्देश्य** :

१) राउटे समुदायमा घुम्ती शिक्षण र व्यवहार परिवर्तनका मार्फत अनौपचारिक सिकाइ प्रक्रियाको विकास गर्ने।

२) राउटे समुदायको पोषण र स्वास्थ्य अधिकारमा सहयोग गर्ने ।

३) राउटे समुदायको परम्परागत व्यवसायलाई प्रवर्द्धन गर्दै उनीहरू लाई एकै स्थानमा लामो समयसम्म स्थायी बसोबासका लागि वातावरण निर्माण गर्ने ।

**लक्षित वर्ग** : ४१ घरधुरीका १४४ जना राउटे
**कार्यक्रम/परियोजनाको विषयगत क्षेत्र:**

१) शिक्षा (अनौपचारिक)
२) स्वास्थ्य र पोषण
३) जीविकोपार्जन

### मुख्य उपलब्धी:

**यस अवधिको मुख्य उपलब्धी:**

- आवश्यकता अनुसार ४१ घरधुरीका (१४४ जनसंख्या) लाई चामल, दाल, तेल, नुन, चिनी, तरकारी तथा प्रथामिक स्वास्थ्य सामग्री नियमित आवश्यकता अनुरूप उपलब्ध गराउन थाले पश्चात् उनीहरूको दैनिक जीवनयापनमा सहज हुनुका साथै स्वास्थ्यमा पनि सुधार भएको छ।
- सन् २०२० को अन्त्यमा राउटेको जनसंख्या १५४ बाट १४६ पुगको थियो (८ जनाको मृत्यु) र सन् २०२१ जुलाई देखि डिसेम्बरसम्ममा जनसंख्या १४३ पुगेको (३ जनाको मृत्यु) र २०२२ को जुलाईमा जनसंख्या १४४ पुगेको छ, जुन विगतको भन्दा ०.६९५ ले वृद्धि भएको छ।



- राउटे संरक्षणका लागि कर्णाली प्रदेश सरकारले राउटे समुदायको संरक्षण नीतिको मस्यौदा तयार भई मानवअधिकार आयोग, प्क्इः नीति प्रयोगशाला र कर्णाली प्रदेश सरकारसँगको सहकार्यमा राउटे संरक्षण नीति निर्माण कार्य सोसेक नेपालको नेतृत्वमा अघि बढेको छ।



- परियोजनाको अभिमुखीकरण र नियमित अभ्यास पश्चात् व्यक्तिगत तथा सामुदायिक सरसफाईमा राउटे समुदायले चासो दिन थालेका छन् ।



- राउटे समुदायको जिवनयापनको मुख्य श्रोत उनीहरूद्वारा निर्मित काठका सामग्रीहरूलाई परियोजनाको सहयोगमा उत्पादन गरिएको काठका सामग्रीहरूको प्रवर्द्धन तथा बजारीकरण प्रर्बद्धन गरिएको छ। यसले उनीहरूको चिनारी दिलाउनुको साथै जीवनयापनमा सहजता पुऱ्याएको छ।
- राउटे समुदायको स्वास्थ्य सम्बन्धी परम्परागत सोचाईमा विस्तारै परिवर्तन देखिन थालेका कारण आजभोली औषधीको सेवन तथा स्वास्थ्य चौकीमा उपचारका लागि जान थालेका छन्।

## ३.२ एकीकृत जलश्रोत व्यवस्थापन कार्यक्रम (IWRMP)

**कार्यक्षेत्र** : दुल्लु नगर पालिका तथा डुंगेश्वर र महाबु गाउँपालिका दैलेख

**कार्यक्रमको अवधि** : १ जनवरी २०११ देखि जुलाई २०२३ सम्म

**सहयोगी निकाय** : हेल्भेटास नेपाल

### कार्यक्रमको उद्देश्य

- ग्रामीण क्षेत्रका अति विपन्न दलित, महिला, एवं पछाडि परेका समुदायलाई स्वच्छ खानेपानी तथा सरसफाईको सुविधा उपलव्ध गराउने।
- स्थानीय समुदायको वास्तविक आवश्यता तथा कठिनाईको आधारमा गुणस्तरीय खानेपानी तथा सरसफाई योजनाको निर्माणमा समुदायलाई जागरुक गराउने।
- समुदायलाई सुरक्षित खानेपानी तथा सरसफाईका सम्वन्धमा जनचेतना अभिवृद्धि गर्ने।
- खानेपानी तथा सरसफाइ योजनाको दिगोपनाको लागि उत्प्रेरित गर्ने तथा अपनत्वको विकास गर्ने।
- खानेपानी तथा सरसफाइ योजना क्षेत्र, वडा तथा नगरपालिकालाई पुर्णसरसफाइयुक्त बनाउन आवश्यक सहजीकरण गर्ने।

### मुख्य उपलब्धीः

- यस आ.व.मा सञ्चालित २१ वटा योजनामा व्यवस्थापन प्रथम तालिम, योजनाको निमार्ण चरणमा योजनाको ब्यवस्थापन गर्ने, जिन्सी खाता व्यवस्थित गर्ने र योजनाको स्थानीय तथा बाह्य सामग्रीको व्यवस्थापन गरी २१ खानेपानीका योजनाहरू निर्माण कार्य सम्पन्न भएका छन्।



- सुरक्षित खानेपानीको दिगो व्यवस्थापन तथा संरक्षणका लागि दुल्लु नगरपालिकाका २, महाबु गाउँपालिकाको ३ र डुगेंश्वर गाउँपालिकाका ३ ओटा खानेपानी योजनामा पानी सुरक्षा योजना तालिम सम्पन्न गरिएको छ।



- कार्यक्षेत्रका ५ वटा खानेपानी योजनाका ७६ जना पदाधिकारीले योजना व्यवस्थापन दोश्रो तालिम प्राप्त गरी योजनाको मर्मत सम्भार कोष संकलन, योजनालाई दिगो बनाउन खातापाता व्यवस्थित गर्ने र मर्मत सम्भार कार्यकर्तालाई पारिश्रमिक ब्यवस्थापन गर्न शुरु गरेका छन् ।
- दुल्लु नगरपालिका र डुंगेश्वर गाउंपालिकाका ८ ओटा खानेपानी योजनाका ४० जना पानी सुरक्षा कार्यदलका पदाधिकारीलाई ३ दिने पानी सुरक्षा योजना तालिम सञ्चालन पश्चात् ८ ओटा योजनामा पानी सुरक्षा योजना तयार भई कार्यन्वयनमा रहेको छ ।
- दुल्लु नगर पालिकाका २ वटा (वडा नं. १ र ४) पूर्ण सरसफाइ उन्मुख वडा घोषणा भएको छ । घोषणा पश्चात् समुदायमा फिल्टरको प्रयोग र सरसफाइका सुचकका बारेमा जानकार भई सो सम्बन्धी निरन्तरता दिन थालेका छन् ।
- गाउँ स्वच्छता शिक्षा सहजकर्ता तालिम २ ओटा दुल्लु र महाबुमा सम्पन्न भएका छन । जसको कारणले २ वटा पालिकामा सञ्चालनमा रहेका २१ ओटा योजना भित्रका महिला स्वस्थ्य स्वयमसेविका तथा योजनाका अग्रसर महिलालाई तालिम सञ्चालन गरी सरसफाई स्वच्छता सम्बन्धी कक्षा संचालन तथा घरभेट गरी योजनालाई पूर्ण सरसफाइ उन्मुख योजना बनाउन सहयोग गरेका छन् ।
- कुल २१ खानेपानी योजना, १० विद्यालय, ११६३ खानेपानीको धारा निर्माण गरी कार्यक्रम लागु भएका पालिकाका करिब २१ हजार जनसंख्याको सुरक्षित र स्वच्छ खानेपानीमा पहुँच पुगेको छ ।

## ३.३ महिला, युवा तथा बाल अधिकार प्रबर्द्धन (आधार) परियोजना

**कार्य क्षेत्र** : दैलेख जिल्लाको भैरवी गाउपालिका, कालिकोट जिल्लाको पलांता गाउपालिका ।

**कार्यक्रमको अवधी** : १ जनवरी २०१९ देखि ३१ डिसेम्बर २०२३ सम्म

**सहयोगी निकाय** : एइआईएन लक्जेम्बर्ग

**कार्यक्रमको उद्देश्य** :

१) महिला र बालबालिकाको क्षमता विकासको माध्यमबाट सामाजिक, राजनैतिक र आर्थिक पक्षमा सुधार गर्दै विकासको मूल धारमा ल्याउने ।

२) युवाहरू मा सुरक्षित बसाईंसराईका बारेमा जानकार भई स्वरोजगारमा संलग्न भएका हुनेछन् ।

३) गरिव तथा सिमान्तकृत महिलाहरूको आम्दानीमा वृद्धि हुनुको साथै अधिकार र सेवामा पहुँच पुगेको हुनेछ ।

### कार्यक्रम/परियोजनाको विषयगत क्षेत्र:

(१) महिला अधिकार

(२) युवा अधिकार

(३) बाल अधिकार

### मुख्य उपलब्धी:

- भैरवी गाउपालिकाबाट १०० जना युवा तथा महिलाले पोलीहाउस र सरलथोपा सिंचाई तथा ७ जनाले केलाउने पंखा, ९ जनाले बाख्रा, फलफूलका विरुवा र २५८ जनाले तरकारीको विउ लिई आयआर्जनका क्रियाकलापमा संलग्न भएका छन् ।



- महिला समूह तथा युवा क्लवका सदस्यहरूको परियोजनाद्धारा संचालित विभिन्न क्षमता विकासका क्रियाकलाप पश्चात् ८४ जना महिलाहरू स्थानीय स्तरमा भएका विभिन्न समितिहरूमा नेतृत्व तहमा पुगेका छन् ।
- परियोजनाको सहयोगमा भैरवी गाउँपालिकाका ३० जना बालबालिकालाई सिकाइ कुना निर्माण सामग्री वितरण गरिएको छ। विद्यालय र घरमा बालबालिकाका लागि अभिभाबकहरूले छुट्टै अध्ययन कक्षको व्यवस्थापन गर्न थालेका छन् ।
- भैरवी गाउँपालिका वडा नं. २, ३, ४ र पलाता गाउँपालिका वडा नं. ९ का ५० घरधुरीले आफ्नो बारी तथा कान्लामा फलफूल तथा घांसका ३ सय विरुवा रोपेका छन् ।
- आधार परियोजनाको कार्यक्षेत्र भैरवी गाउँपालिका र पलाता गाउँपालिका कालिकोटमा अभिभावक र बालबालिका विचमा छलफल गरी १५० घरमा बाल आंचारसंहिता तयार पारी बालबालिकाले निभाउनुपर्ने जिम्मेवारी र अभिभावकले निभाउनुपर्ने जिम्मेवारी सम्बन्धी विषयमा आंचारसंहिता निर्माण गरी त्यसको कार्यान्वान्वयन अभिभावक र बालबालिकाले गरिरहेका छन। आंचार संहिताको कार्यान्वयन पश्चात् ५ जना अभिभावकले धुम्रपान गर्न छाडेका छन् ।
- आधार परियोजनाको कार्यक्षेत्रका ४५० घरधुरीमा कोभिड १९ सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरी घरमा कोभीड १९ सम्बन्धी आंचारसंहिता निर्माणमा सहजीकरण गरेपछि बालबालिका र अभिभावक घर बाहिर जांदा सबैले मास्कको प्रयोग गर्ने गरेका छन् साथै घरमा नियमित रूपमा सावुन पानीले हात धुने गरेका छन् ।
- मर्यादित महिनावारी सम्बन्धी विषयमा बाल क्लव, महिला समूह र युवा क्लवमा अभिमुखीकरण गरेपछि १ सय १० महिला तथा किशोरीहरू महिनावारी भएको समयमा घरमा वस्ने गरेकाछन् साथै ३५० जनाले पुनः प्रयोग गर्न सकिने सेनेटरी प्याड बनाएर प्रयोग गरिरहेका छन् ।
- बाल क्लब र युवा क्वका सदस्यहरूलाई बाल विवाहको विषयमा अभिमुखीकरण गरे पछि बालबालिका र युवाहरूको पहल एवम् पैरवीबाट १ वटा पलाँतामा र ३ ओटा भैरवी गाउँपालिकामा गरी ४ वटा बाल विवाह रोकिएका छन् ।



- युवा क्लव र बाल क्लवमा वातावरणीय र व्यक्तिगत सरसफाइ सम्बन्धी विषयमा छलफल गरेपछि युवा र बालबालिकाले २७० भाडा सुकाउने चाङ जुठ्यान, ३०० वटा फोहोर फाल्ने खाडल निर्माण गरेका छन् साथै २ वटा खानेपानीको मुहान सफा गरेका छन् ।
- महिला समूहले मासिक बचतबाट २६१२३५२

रूपैया र युवा क्लबले ५५५६९७ रूपैया संकलन गरेकाछन् साथै उक्त रकम घुम्तीकोषको रूपमा आय आर्जनमा लगानी गरेका छन र आय आर्जन गर्ने समूहका सदस्यहरूले आम्दानी भएको रकमबाट बालबालिकाको शिक्षामा, घरायसी कार्यमा खर्च गर्ने गरेकाछन् ।

- भैरवीका भूमिहीन प्रेम बि.क.को लागि आधार परियोजनामा कार्यरत सामाजिक परिचालक कृष्णा वि. क. ले जग्गाको लागि उनको वुवासँग कुरा गरेर २.५ रोपनी जग्गा उपलब्ध गराउनमा सहजीकरण गर्नुको साथै पुर्वाधार विकास कार्यालयसँग समन्वय गरेर २ कोठे घर निर्माणमा सहयोग गरेपछि हाल घर निर्माण भई बेघरबार रहेका प्रेम बि.क.को परिवार घरमा बसोबास गरी बचेको जग्गामा आयआर्जनको काम गर्न थालेका छन् ।
- भैरवी गा.पा.वडा न. ६ का युवाक्लव र बालक्लवका सदस्यहरूले भैरवी वडा न ६ को कार्यालयमा खेलकुद सामग्री माग गरे अनुसार भैरवी वडा न ६ ले रु ८०००० अनुदान दिएपछि युवा र बालबालिकाले खेलकुद सामग्री खरिद गरेकाछन् ।
- संस्थाबाट प्राप्त अनुदानबाट बाख्रा पालन, कुखुरापालन, तरकारी खेतीजस्ता आयआर्जनका गतिविधि सञ्चालन गर्न ३८ वटा युवाक्लबका ७५ जना युवा र ३९ वटा महिला समुहका ११६ जना सदस्यले ऋण प्राप्त गरी वाख्रापालन, कुखुरापालन, तरकारी खेती र व्यापार व्यावसाय गरी आम्दानी भएको रकमबाट बालबालिकाको शिक्षा, घरायसी खर्च र भौतिक सम्पत्ती जोडेकाछन् ।
- स्थानीय स्तरमा व्यवसाय संचालनका लागि प्राविधिक, आर्थिक र तरकारीको विउ, पोलिहाउस जस्ता सामग्री सहयोग गरेपछि पहिले कामका लागि भारत जाने गरेका १२५ जना युवा अहिले स्थानीय स्तरमा आफ्नो ब्यवसाय सञ्चालन गरी आम्दानी गरिरहेका छन् ।

## ३.४ सहयात्रा दोस्रो चरण

**कार्य क्षेत्र** : गुराँस गाउँपालिका

**कार्यक्रमको अवधी**: फेब्रवरी २०१९ देखी २०२३ सम्म

**सहयोगी निकाय**: सेभ द चिल्ड्रेन

**कार्यक्रम/परियोजनाको विषयगत क्षेत्र** : गुणस्तरीय शिक्षा, बाल अधिकार शासन र बालसंरक्षण

**परियोजना अन्तर्गत रहेका CSO**: शिक्षा समिति, बाल समूह, बाल अधिकार समितिहरू, व्यवस्थापन समितिहरू, शिक्षक अभिभावक संघ, नागरिक समाज संजाल, अपांगता मंच, विद्यालयहरू, बाल विकास केन्द्रहरू,

**महिला** : ५१.५५% **दलित** : २४.७९ %

**दलित महिला** : २४.८९% **अपांगता** : १.०७ %

## परियोजनाले समेटेका जातिगत घरधुरी तथा जनसंख्या विवरण

**अपांगता भएका लाभान्वित जनसंख्या : २३६**

| घरधुरी तथा जनसंख्या | दलित | | जनजाती | | बाहुन/ क्षेत्री | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| घरधुरी संख्या | १०१५ | | ५०१ | | २५२७ | | ५३ | | ४०९६ | |
| जनसंख्या | २६३७ | २८२७ | १२९६ | १३९२ | ६५३९ | ७०५६ | १३८ | १४८ | १०६७५ | ११३५८ |

## परियोजनाले समेटेका विद्यालय तथा अन्य संरचनाहरू

**विद्यालय** : ४८

**बाल विकास केन्द्र** : ५२

**बाल क्लव** : ४६ विद्यालय स्तरीय बाल क्लव, ८ वडा

**स्तरीय बाल संजाल** : १ पालिका स्तरीय बाल संजाल

**गाउ शिक्षा समिति** : १

**वडा शिक्षा समिती** : ८

**वडा बाल संरक्षण समिति** : ८



## परियोजनाको लक्ष्य :

- पछाडि परेका र पारिएका समूहका वालवालिकाहरूको सिक्ने र अन्तरनिहित क्षमताको उजागर गरी आधारभूत शिक्षामा सुधार गर्ने ।

## परियोजनाको उद्देश्य :

- अति विपन्न र सिमान्तकृत समुदायका सबै बालबालिकाले समावेशी र गुणस्तरीय आधारभूत शिक्षा प्राप्त गर्नु,
- संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धी विशेष गरी GMI अनुरूप कार्यन्यवनको अवस्थालाई सुधार गर्न सरकारी निकाय र नागरिक समाजलाई सहयोग गर्नु ।
- बालबालिकाको लागि विद्यालय, स्वास्थ्य संस्थाहरू र समुदायमा सुरक्षित र संरक्षित वातावरण तयार गर्न सहयोग गर्नु ।

## मुख्य उपलब्धि :

**शिक्षा**

- ३६ वटा सम्पुर्ण वाल विकास केन्द्र लाई पुर्णरूपमा स्थानिय र शिक्षण सामाग्रीहरू राउण्ड टेवल, कार्पेट, पिफर्म, सिकाई कुनाका लागी अवश्यक शैक्षिक सामग्री, स्टेश्नरी सामग्रीहरू सहयोग गरिएको छ ।
- वाल विकास केन्द्रमा हुने सिकाई क्रियाकलापको महत्व बुझेपछि ३७७ अभिभावकले आफना ४ वर्ष पुगेका वालवालिकालाई वाल विकास केन्द्र पठाउने गर्नु भएको छ ।
- ३ जना (२ जना क वर्गका १ जना ख वर्गको) बहु अपांगता भएका वाललाविकालाई गृह शिक्षणमा भर्नागरी निरन्तर शिक्षा प्रदान र उक्त बालबालिका कक्षा ४ मा अध्ययन गरिरहेका छन् ।
- सुनाई सम्बन्धि अपांगता भएको ! वालिकालाई रेडक्रस मा. वि. भुर्तिमा भर्ना गर्न सम्प्रेषण गरीयो ।
- १६५ वालिका र १६० वालकलाई शैक्षिक सामग्री झोला, स्वीटर, विद्यालय पोषाक लगायत सहायता प्रदान गरीयो । जसले गर्दा परिवारलाई आफ्ना बालबालिकालाई पढाउन सहज भएको छ ।
- ३ जना वालिका र १ जना वालकलाई अपांगता सहायक सामाग्री जस्तै : Walker, Ankle Foot Orthosis, Standing Frame प्रदान गरी विद्यालय निरन्तर जान सहायता गरीयो ।
- २५ जना महिला र ३७ जना पुरुष शिक्षकलाई वालमैत्री शिक्षण तालिम प्रदान गरीयो । उनिहरूले तालिममा सिकेका कुरा कक्षामा लागु गरेको पाईयो । ६७ जना शिक्षकले वालमैत्री शैक्षिक सामाग्री तयार पारी कक्षामा प्रयोग गरेको पाईयो ।



- १९२ वालिका र १८७ वालकहरू वालमैत्री कक्षाकोठा व्यबस्थापन र वालमैत्रि टेबुल, किताबखाना प्रदान गरी सहायता गरीयो ।
- पाठयक्रमा आधारीत निरन्तर विद्यार्थी मुल्यांकन कक्षा १ देखी ३ सम्म प्रयोग गरीदै आएको जसले गर्दा शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी वनाउन सहज भएको ।
- विद्यार्थीद्धारा लेखापरिक्षण गरी ४७ वटा विद्यालयमा फलो अप कार्ड प्रयोग गरी उत्कृष्ट उपस्थिति भएको विद्यार्थीको अभिभावकलाई सम्मान गरीएको ।
- २८६ वालिका र २७० वालक उपचारात्मक कक्षाबाट प्रत्यक्ष लाभान्वित भएका छन् यो प्रक्रिया अवलम्बन गरे पश्चात उनीहरूको सिकाईमा वृद्धि भएको छ ।
- ६०४ सरोकारवालाहरूको सहभागितामा गुणस्तरीय सिकाई वाताबरण निर्देशित कार्यक्रम सञ्चालन गरीएको छ ।
- बाल विकास केन्द्र भवन निर्माण-२, बालविकास केन्द्र भवन मर्मत-४ वटा, खानेपानी मर्मत तथा निर्माण-६ वटा , कक्षाकोठा मर्मत-१८ वटा , शौचालय निर्माण-५ वटा र यसबाट ८०७ जना ९ बालिका-३८४, बालक ४२३० लाभान्वित भएका छन् ।
- गुराँस गाउँपालिकाको शैक्षीक गुणस्तर र व्यवस्थापनमा आएको परिवर्तन पश्चात पालिकामा विभिन्न शैक्षिक क्षेत्रसंग सम्बन्धित निकाय तथा व्यक्तिहरू अध्ययन, अवलोकन गर्न जिल्ला भित्र र वाहिर बाट सिकाइ भ्रमण हुन थालेका छन् ।
- १०४ जना शिक्षकहरूलाई कक्षाकोठामा आधारित कोचिङ मेन्टोरिङ तथा शैक्षणिक सहायता सहयोग गरियो । तत् पश्चात विद्यार्थीहरूको सिकाई स्तरमा वृद्धि भयो ।

## बाल संरक्षण

- ४० जना बालबालिका र ३७ जना वयस्क लाई रोजाइ, आवाज र प्रतिबद्धता शत्रहरूमा तालिम दिइयो । परम्परागत मूल्य मान्यतामा परिवर्तन भइ छोरा र छोरी बिच हुने विभेदमा कमि आएको छ ।




- वडा स्तरिय बाल कोषको लागी प्रत्येक वडामा रु ३०,००० का दरले ८ वटा वडालाई रु २,४०,००० सहयोग गरियो र आवश्यकताका आधारमा ४८ जना बालबालिका लाभान्वित भएका छन् ।
- १८१ जना बालबालिकाले बृहत्तर यौनिकता सम्बन्धि तालिम प्राप्त गरेका छन् । तत् पश्चात उनीहरूमा यौनिकता सम्बान्धी ज्ञान वृद्धि भई बालविवाह

घटेको, यौनिकता सम्बन्धी खुलेर कुरा गर्न थालेका, महिनावारी सरसफाइमा ध्यान दिएको ।



- ४ वटा विद्यालयमा किशोर किशोरी मैत्री सूचना केन्द्र स्थापना भई किशोर किशोरीमैत्री सूचना आदान प्रदान गर्न सहयोग भएको छ ।
- ९९ जना किशोरीले मेरो पहिलो बच्चा सम्बन्धि जानकारी पाए पश्चात उनीहरूमा कुपोषण सम्बन्धी ज्ञान, जन्मान्तर सम्बन्धी ज्ञान, बालबालिका हुर्काउने अभ्यास सम्बन्धी ज्ञान र सानै उमेरमा विवाह गर्दा प्रजानन् स्वास्थ्यमा असर हुने भएकाले विवाह गर्ने उमेर पुगाएर मात्र विवाह गर्नु प्रदछ भन्ने धारणाको विकास भएको छ ।
- १८६ जना बालबालिका, स्थानीय नागरिक समाज र पालिका पादाधिकारीका विच बालहिँसा न्युनिकरण सम्बन्धी छलफल भई स्थानीय सरकारले बाल बिवाह न्यूनीकरण सम्बन्धी चासो देखाउन थालेको छ ।
- स्थानीय सरोकारवाला निकाय र जनप्रतिनिधी गरी जम्मा १८३ जनाले नीति संरचना र प्रक्रियामा बालबालिकाको सहभागीता सम्बन्धि १८३ जनाले तालिम प्राप्त गरेका छन् ।
- २ जना बालबालिकालाई बालश्रमबाट उद्दार गरी आवश्यक शैक्षिक सामग्री प्रदान गरी घरपरिवारमा पुनस्स्थापना गरियो ।
- ७८ जना बालबालिका र ३० जना अभिभावक गरी १०८ जनालाई हिँसारहित कक्षामा सहभागी भई बालबालिका माथी हुने हिंसा न्यूनीकरण सम्बन्धि जानकारी दिइयो । जसले गर्दा आत्म सुरक्षामा वृद्धि भएको र हिंसा सम्बन्धीका घटनामा पनि न्यूनीकरण हुदै आएको छ ।
- परियोजनाले संचालन गरेको विभिन्न तालिम, गोष्ठी, परामर्श र छलफलका कारण समुदायमा हुने गरेको बालविवाहमा न्यूनीकरण भएको छ (सन् २०१९ को ५२% र सन् २०२१ मा १५.९०%)
- १३७ बालबालिका र ६८ महिला अभिभावकले बाल हिंसा बिरुद्ध को तालिम प्रप्त गरे पश्चात घरमा हुने हिंसा तथा वालहिंसा सम्बन्धी नीतिहरूको वारेमा जानकार भएका छन् ।

### बाल अधिकार शासन

- बालमैत्री स्थानिय शासनका ५१ वटा सुचाकहरू मध्ये ४० वटा सूचकहरू भएका छन र वडा नं ३ र ४ बालमैत्री स्थानीय शासन वडा घोषणाका लागि तयारी भैरहेको छ ।



- ८ वटा वडा र पालिकास्तरमा बालभेलाको आयोजना गरिएको जसमा १६६ जाना बालबालिकाले बालबालिकाका लागि आवश्यक योजना वडामा पेश गर्नुका साथै पालिकामा बाल भेला गरि २० वटा योजनाहरू पालिका अध्यक्षलाई हस्तान्तरण

गरेका थिए।

- गुराँस गाउँपालिका वडा नं ८ ले बालबालिका लक्षित बालमैत्रि स्थानिय शासनको लागि ३०,०००, बाल दिवसको लागि ३०,०००, र जोखिममा रहेका बालबालिकाको लागि ७५,००० रकम बिनियोजन गरेको छ। वडा नं ४ ले जोखिममा रहेका बालबालिकाको वृहत्तर विकासका लागि ५०,००० रकम बिनियोजन गयो। जोखिममा रहेका ४० जना बालबालिका लाई गुराँस गाउँपालिकाको तर्फ बाट रु १५,००० र सहयात्रा दोस्रो परियोजना बाट रु १०,००० रकम सहयोग गरिएको छ। बाल बालिका लक्षित कार्यक्रम का लागि पालिकाले १३.४५५ बजेट बिनियोजन गरेको छ।



- समुदाय, वडा, विद्यालय र पालिका स्तरमा जम्मा ३६ वटा बाल समूह रहेका छन् जसमा १३१६ ९बालिका -७२८ बालक(५८८ जना बालबालिका मध्ये २१ जना अपाङ्गता भएका र २ जना यौनिक तथा लैङ्गिक अल्पसंख्यक छन्। बाल अधिकारको लागि नियमित वकालत तथा विद्यालयमा अतिरिक्त क्रियाकलापहरू आफ्नै पहलमा गरिरहेका छन् र१३ जना अपांगता भएका बालबालिका बाल क्लबका विशिष्ठ पदमा रहेर काम गरिरहेका छन्।
- १९७ जना बालबालिका को जन्मदर्ता गर्नका लागि प/ामर्श सहयोग गरियो।

## विद्यालय नेतृत्व र व्यवस्थापन (SLaM) परियोजना

**कार्यक्षेत्र : गुराँस ग.पा. का वडा नं ४,५ र २ का १४ वटा विद्यालयहरू**

**परियोजना अवधि : सन् २०२०-२०२२ सम्म**

**सहयोग : सेभ द चिल्ड्रेन**

### प्रमुख उपलब्धि :

- विद्यालय नेतृत्व तथा व्यबस्थापनका सिद्धान्तको आधारमा स्वमुल्यांकन गरी १४ वटा विद्यालयले आफ्नो कार्ययोजना तयार गरी समग्र विद्यालय नेतृत्व तथा व्यवस्थापनमा सुधार भएको।



- विद्यालयले परियोजनाबाट सहयोग गरेको लघु अनुदान मार्फत विद्यालयको शैक्षिक अवस्थामा सुधार भएको र प्रस्तावना लेखनको सिकाईबाट अन्य दातृ निकायबाट पनि अनुदान पाउन सफल भएका छन।
- विद्यालय व्यवस्थापन समितिको अर्थपुर्ण जिम्मेवारी र सहभागीताको लागी शिक्षक र विद्यालय गतिविधि बृद्धि गर्न सहभागीतामुलक कार्ययोजना तयार भयो।
- डिजिटल मंच मार्फत शिक्षकका सिकाई तथा अनुभव आदन प्रदान गरी शिक्षकले सामना गरीएका समस्या तथा चुनौति सम्बोधन गर्न भिकोप (VCoP) प्रयोगको लागी डाटा सहायता गरियो।



- विद्यालयका प्रधानाध्यपक, सहायक प्रधानाध्यपक र विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई विद्यालय नेतृत्व तथा व्यवस्थापन सम्बन्धि तालिम सञ्चालन गरीयो ।

## लैंङ्गिक तथा यौनिक अल्पसंख्यक समावेशीकरण परियोजना (LGBTIQ)

**कार्यक्षेत्र स् गुराँस गाउँपालिका का १० वटा विद्यालय**
**परियोजना अवधि : सन् २०२० – २०२२ सम्म**
**सहयोग : सेभ द चिल्ड्रेन / FRI**

### मुख्य उपलब्धि :

- १० विद्यालयका १२५ बाल क्लबका सदस्यलाई जीवनोपयोगी सिप तालिम प्रदान यौनिक तथा लैंगिक अल्पसंख्यक वालवालिकाको अधिकार प्रर्वद्धन गर्न र दुर्व्यबहार रहित वातावरण तयार पार्न सहायता गरीयो ।
- जीवनोपयोगी सिप तालिम पश्चात लैगिक तथा यौनिक अल्पसंख्यक बारेमा सकारात्मक प्रभावहरू देखिएको पाइएको र बालक्लब गठनमा लैंगिक तथा यौनिक अल्पसंख्यकको सहभागीतामा वृद्धि भयो ।
- यौनिक तथा लैगिंक अल्पसंख्यक बालबालिकाको अधिकार र ;वालमा १० वटा वालक्लबले कार्ययोजना तयार पारेका छन् र ४३ वटा सार्वजनिक सचेतनाका कार्यक्रम सञ्चालन गरीयो । अभियानकै एक अंगको रूपमा विद्यालयमा हुने दुर्व्यवहार विरुद १० वटा विद्यालयमा भित्तेलेखन गरीयो ।



- ५ जना यौनिक तथा लैंगिक अल्पसंख्यक बालबालिकाको परीवारले परियोजना मार्फत उनिहरूको आबश्यकताको आधारमा खाद्य सामाग्री वितरण गरीयो भने १ परीवारलाई २ वटा बोयर (रु. ४०,०००) बाख्रा प्रदान गरीएको छ ज;बाट प्राप्त आम्दानीलाई वालवालिकाको शैक्षिक आबश्यकता पुरा गर्दै आएका छन ।



- जीवनउपयोगी सिप तालिम पश्चात वालबालिकाहरूमा यौनिक तथा लैगिक अल्पसंख्यक बालबालिकाप्रति सकारात्मक धारणा

विकास भएको छ। बालक्लब गठन प्रक्रियामा समावेशी सहभागीतालाई जोड दिने गरेको छ।

- गुराँस गाउँपालिकाले यौनिक तथा लैङ्गिक अल्पसंख्यकलाई सामाजिक सुरक्षा भत्ताको व्यवस्थापन तथा वितरण गरेको छ।

## ३.५ गुणस्तरीय शिक्षा अभिवृद्धि, स्वास्थ्य र जीविकोपार्जन सहयोग (सहकार्य) परियोजना

कार्य क्षेत्रः दैलेख जिल्ला ठाटिकाँध गाउँपालिका

कार्यक्रमको अबधि : अक्टोबर २०२१ देखि डिसेम्बर २०२३

सहयोगी निकायः ए इ आइ एन लक्जेम्बर्ग र ठाटिकाँध गाउपालिका दैलेख

लाभान्वितः ठाटिकाँध गाउपलिकाका ४०२८ घरधुरीका २०६६७ जना।

कार्यक्रमको उद्देश्य : ठाटिकाँध गाउपालिका दैलेखका बालबालिका तथा महिला, युवायुवती तथा बयस्कलाई गुणस्तरीय शिक्षा, स्वास्थ्य र जीविकोपार्जनमा पहुँचको माध्यमबाट अधिकार सम्पन्न बनाउने।

कार्यक्रम/परियोजनाको विषयगत क्षेत्रः गुणस्तरीय शिक्षा, स्वास्थ्य र जीविकोपार्जन

### मुख्य उपलब्धीः

- पालिकाका ३९ ओटा विद्यालयमध्ये २१ तथा बाल विकास केन्द्रमा कार्पेट पिफर्म वितरणबाट १२६० बालबालिका लाभान्वित भएका छन्। १२ जना नयाँ विद्यार्थीहरू र १८ जना विद्यालय छोडेका विद्यालय उमेरका विद्यार्थी गरी कूल ३० जना विधार्थी विद्यालयमा भर्ना भएका छन्।
- ठाटिकाँध गाउँपालिकाका १६४ जना कृषकलाई प्राविधिक सहयोग स्वरूप प्लाष्टिक घर निर्माणका लागि प्लाष्टि, डिप इरिगेशन, मौसमी तथा बेमौसमी तरकारीका बिउ तथा प्राविधिकले प्रत्यक्ष रूपमा खेतबारीमा गई रोग किरा नियन्त्रणमा सहयोग गरेको।
- १२ जना सदस्य कृषकको जीविकोपार्जन प्रवर्द्धनका लागि कृषि औजार, उन्नत बिउबिजन प्रदान गरि एको छ।
- ५ वटा विद्यालयमा करिब रु १२५००० मर्मत सहयोग भएको जसबाट प्रत्यक्ष रूपमा ४५० जना बालकालिका लाभान्वित भएर खुसीका साथ



अध्ययन गर्ने गरेका छन्।

- २ ओटा विद्यालयले करेसाबारी निर्माण तथा अतिरिक्त क्रियाकलापको शुरुवात गरेका छन्।
- १७५ जना अभिभावकलाई सकारात्मक अभिभावकत्व तालिम पश्चात् कार्ययोजना बनाई आफ्ना बालबालिकाका लागि समय व्यस्थापन गरी सिकाइ कार्यमा सहजीकरण गर्न थालेका छन्।
- ठाटीकाँध गाउँपालिकामा परियोजना लागू भई आधुनिक खेति कृषि प्रणाली सम्बन्धी तालिम तथा आधुनिक कृषि उपकरणहरू को प्रयोग पश्चात् पहिलो पटक समुहका अगुवा कृषक गाजले बुढाले बेमौसमी (बैशाख जेठ) महिनामा काक्रा उत्पादन तथा बिक्रि १ सिजनमै रु. २९ हजार आम्दानी गरेकाछन्।
- ३६ ओटा प्लाष्टिक घर, १०० जनालाई मौसमी तथा बमौसमी बिउ (काक्रा, फर्सि, बन्दा, सिमी, गोभेडा) र ४० जनालाई एकीकृत शत्रुजीब व्यवस्थापन बिधि बनाउने सामग्री हस्तान्तरण पश्चात् व्यावसायिक



रूपमा कृषि कार्यमा लागेका छन् ।

- विद्यालयमा अध्ययनरत किशोरीहरूका लागि व्यक्तिगत, मानसिक स्वास्थ्य सम्बन्धी अनुशिक्षण पश्चात् ३४५ जना किशोरीले मासिक रूपमा व्यक्तिगत सरसफाई सम्बन्धी अनुशिक्षण पाएका र व्यक्तिगत र वातावरणीय सरसफाइ अभिवृद्धि भयो ।
- ३९ ओटा विद्यालयका ६७४० जना बिद्यार्थीलाई कोभिड महामारीबाट बच्नका लागि ३५००० मास्क ७२० सेनिटाइजर बितरण गरिएको छ ।
- प्राथमिक स्वास्थ्य केन्द्र लकान्द्र दैलेखमा कार्यरत स्वास्थ्यकर्मी तथा परियोजनाको स्वास्थ्य प्राविधिकको उपसिथतिमा ३ ओटा विद्यालयका २२५ जना बालबालिकाको दिसामा जुका, चुर्ना, औशाको किटाणु भए नभएको जाँच गरि भेटिएका ४ संक्रमित वालवालिकालाई जुकाको औषधि वितरण गरिएको छ ।
- स्वास्थ्य शिविर सञ्चालन गरी कोभिडको समयमा कोभिडबाट वच्न स्वास्थयका मापदण्ड सम्बन्धी ६४५ जनालाई सेवा दिइएको छ ।
- पालिकासँगको साझदारीमा ३ ठाउँमा नारी दिवसको अवसरमा महिला अधिकर र स्वास्थ्य सम्बन्धी देउडा गीत प्रतियोगिता संचालन गरिएको थियो । जसमा गीतको माध्यमबाट उपस्थित १२०० भन्दा बढी समुदायका सदस्यहरूले स्वास्थ्य र मानव अधिकारको बारेमा जानकारी पाएका छन् ।
- ठाटकिँधमा रहेको ठाटीकाँध कृषि तथा पशुपालन सहकारी संस्थालाई ल्यापटप, प्रिन्टर, फोटोकपी मेसिन हस्तान्तरण पश्चात् सहकारी दैनिक सञ्चालमा सजिलो भएको साथै पशु सेवा कार्यालयबाट सहकारीलाई प्रदान गरीएको साक्षेदारी बाख्रा ब्लक कार्यक्रमबाट ३२ जना कृषकलाई उक्त सहकारी मार्फत खोर निर्माणमा सहयोग गरेको छ ।

## ३.६ जलवायु समानुकूलन र आर्थिक समृद्धिका लागि समावेशी नागरिक समाज संघ संस्थाहरूको क्षमता अभिवृद्धि (उत्थान) परियोजना

**कार्य क्षेत्र : दुल्लू नगरपालिका वडा नं. १, २, ३, ४ र ९ तथा आठबीस नगरपालिका वडा नं. १, २ र ३**

**कार्यक्रमको अवधि : सन् २०२० देखि २०२२ सम्म**

**सहयोगी निकाय: युरोपियन युनियन र डिसिए नेपाल**

**कार्यक्रम/परियोजनाको विषयगत क्षेत्र :**

**जलवायु अनुकूलन, विपद् जोखिम व्यवस्थापन, जीविकोपार्जन जवाफदेहिता**

### परियोजनाको उद्देश्य:

नागरिक समाज संघसंस्थाहरूको अर्थपूर्ण सहभागिताद्वारा समावेशी, दीगो र जलवायु समानुकूलित आर्थिक उन्नतिमा जोड दिनका साथै नेपालको कर्णाली र सुदूरपश्चिम प्रदेशका स्थानीय सरकारहरूलाई उक्त कार्यका लागि जवाफदेहि बनाउने ।

### मुख्य उपलब्धि:

- २ वटा दुल्लू र आठबीस नगरपालिका अन्तर्गत भूकम्प प्रतिरोधी भवन निर्माणका लागि Compressed Stabilized Earth Block (CSEB) उद्यम स्थापना, सहयोग तथा सञ्चालन कार्यको लागि Community Impact Nepal सँग सम्झौता गरी दुवै पालिकामा २ ओटा उद्यम

स्थापना (शुभ लक्ष्मी इन्टरलक् ईँटा उद्योग र जिबिएस फाउन्डेसन) भई ईंटाको उत्पादन तथा



बिक्री कार्य शुरु भएको छ।

- Solar-power Water Lifting System निर्माणका लागि दुल्लू नगरपालिकामा ३ ओटा र आठबिस नगरपालिकामा १ ओटा पूर्व सम्भाव्यता अध्ययन Li-Bird को प्राविधिक सहयोगमा गरिएकोमा २ ओटा योजना दुल्लु २ बदपोखारा तथा दुल्लु ९ प्यादुरा र आठबिस गर्पालिका ३ सिस्नेमा निर्माण कार्य सम्पन्न भएको छ। साथै १ ओटा सोलार सिचाई योजना दुल्लु ३ पालीमा मा



निर्माण प्रक्रियामा रहेको छ।

- दुल्लु तथा आठबीसका २१ वटा नागरिक समाज संघसंस्थाका सदस्यहरू ५ प्रकारका हरित कृषि खेति उद्यममा संलग्न भएकाछन् जसमध्ये १७ वटा (जम्मा ३६७, पुरुष १७२ र महिला १९५) नागरिक समाज संघसंस्थाले व्यवसायिक जैविक मौसमी तथा बेमौसमी तरकारी व्यवसाय। १ ओटा (जम्मा २१, पुरुष ११ र महिला १०) व्यवसायिक मसला खेति व्यवसाय (अदुवा बेसार)। १ ओटा (जम्मा २०, पुरुष ७ र महिला १३) नागरिक समाज संघ संस्थाले जैविक च्याउखेति व्यवसाय शुरुवात गर्ने चरणमा रहेको छ। २ ओटा देवथली बल्लेपाटा कबुलियती वन तथा सोनु
- नर्सरी उद्योगले बहुउद्देश्यीय नर्सरी स्थापना तथा १ ओटा बसुन्धरा कृषि सहकारीले संकलन केन्द्र व्यवस्थापन तथा हरित प्रविधि प्रवर्धन व्यवसाय सञ्चालनको शुरुवात गर्नलागेको छ। उक्त व्यवसायका लागि परियोजनाबाट हालसम्म विभिन्न प्रजातिका तरकारीको उन्नत बिउ तथा प्रविधि स्थायी पोलिहाउस नेट सहित २४ (दुल्लु १६, आठबिस ८), अस्थायी पोलिहाउस २०१, सरल थोपा सिंचाई, जैविका विषादी निर्माण गर्ने ड्रमहरू उपलब्ध गराइएको छ।
- दूल्लू नगरपालिकामा २ ओटा र आठबिस नगरपालिकामा १ वटा गोष्ठी सञ्चालन गरिएको छ जसबाट दुबै पालिकामा गरी विभिन्न ७ ओटा क्षेत्रहरूमा १९ प्रकारका क्षमता अभिवृद्धिका क्रियाकलापको परिचान गरी सोही अनुसार परियोजनाबाट क्षमता विकास योजना तयार गरिएको छ
- दूल्लू तथा आठबिस नगरपालिकामा रहेका ४३ ओटा (दूल्लू २६ र आठबिस १७) नागरिक समाज संघ संस्थाहरूको सर्भेको आधारमा आएका विभिन्न ७ ओटा क्षेत्रहरूमा भएका वा पाइएका कमी कमजोरीका बारेमा नागरिसक समाज संघसंस्था तथा स्थानीय सरकारका प्रतिनिधिको रोहोबरमा प्रमाणीकरण गरिएको छ।
- परियोजनाको गतिविधिहरूको जानकारी तथा

परियोजनाका क्रियाकलापहरूलाई स्थानीय सरकारका क्रियाकलापसंग सहकार्य, मूलधारमा ल्याउने, श्रोत उपलब्धता, सफल अभ्यासको प्रसार गर्ने जस्ता कार्यको लागि रेडियो कार्यक्रम उत्थान दैलेखको ज्वाला तथा अछामको परिवर्तन एफएमबाट साप्ताहिक रूपमा सन् २०२१ मा शनिबार बिहान ७:१५ बजे प्रसारण गरिएको थियो।

- नागरिक समाज संघसंस्थाका सदस्यहरू तथा पालिकाका प्रतिनिधिहरूलाई ३ दिने सहभागितामूलक संकटासन्नता तथा क्षमता आंकलन तालिम २ ओटा दूल्लू र १ ओटा आठबीस नगरपालिकामा सञ्चालन गरिएको छ।
- उक्त तालिम प्राप्त ८६ जना (महिला ४१ पुरुष ४५) नागरिक समाज संघसंस्थाका सदस्यहरूको सहयोगमा सहभागितामूलक संकटासन्नता विश्लेषण तथ्यांक संकलन गरी दुल्लू र आठबीस नगरपलिकाको स्थानीय विपद् तथा जलबायू परिबर्तन प्रतिकार्य योजना तयार भएको छ।
- १ ओटा एकीकृत घुम्ती शिबिर आठबीस २, सिंगौडीमा स्थानीय सरकारसंगको समन्वयमा सञ्चालन गरिएको छ। यसैगरी कोभिड १९ को जोखिमलाई मध्येनजर गर्दै यस क्रियाकलापलाई परिमार्जन गरी २ ओटा पालिका स्तरीय हेल्प डेस्क स्थापना गरी उक्त डेस्कबाट कोभिड १९ सम्बन्धी जानकारीमूलक सेवा, जलवायू परिवर्तन तथा विपद् जोखिम व्यवस्थापन र स्थानीय सरकारबाट प्रदान गरिने सेवा सुविधाको बारेमा जानकारी १२७३ जना (पुरुष ६४६ र महिला ६२७) लाई उपलब्ध गराइएको छ।
- पालिका स्तरमा जलवायू परिवर्तन तथा विपद् जोखिम व्यवस्थापन सिकाइ केन्द्र स्थापनाको लागि सञ्चालन निर्देशिका तयार भै सोही अनुसार पालिका तथा सरोकारवाला निकायहरूको समन्वय र सहयोगमा सिकाइ केन्द्रको लागि आवश्यक सामग्री तथा स्रोत केन्द स्थापनाको लागि सामग्री सहयोग गरि २ ओटा सिकाइ केन्द्र स्थापना गरिएको छ।
- आठबीस तथा दुल्लू नगरपालिकामा नगर उप प्रमुखको संयोजकत्वमा २ ओटा पालिका स्तरीय बहु सरोकारवाला मञ्चको स्थापना भएको छ र मासिक रूपमा मञ्चको बैठक बसी प्रगति समीक्षा तथा दोहोरोपना कार्यलाई नियन्त्रण तथा परियोजनाको अनुगमन कार्य भएको छ।
- सामाजिक जातीय विभेद, सामुदायिक वन, कृषि तथा पशुपालन, प्राकृतिक श्रोत, छाउपडी, बालबिबाह, सामुदायिक विकास तथा जलवायु परिवर्तन अनुकूलन कार्यसंग सम्बन्धित रहेर दुबै पालिकामा स्थानीय सरकार तथा सरोकारवाला निकायको उपस्थितिमा ९४ ओटा नागरिक छलफल चौतारी सञ्चालन गरिएको छ। यस चौतारी सञ्चालन पश्चात बन सम्बन्धी मुद्धा ३ वटा, छाउपडी, बालबिबाह, तथा स्थानीय सरकारबाट प्राप्तहुन श्रोत साधनमा समुदायको पहुंच पुगेको छ
- नागरिक समाज संघ संस्थाका सदस्यहरूको क्षमता अभिवृछि तथा स्थानीय योजना तर्जुमाका चरणहरूबारे जानकारी दिनका लागि दुल्लूमा २ र आठबीसमा १ ओटा तालिम सञ्चालन गरिएको छ जसमा ७६ जना पालिकाका प्रतिनिधि सहित (पुरुष २७ र महिला ४९) सहभागि रहेका थिए।
- नागरिक समाज संघ संस्थाका सदस्यहरूको क्षमता अभिवृछि तथा सामाजिक उत्तरदायित्वका बारे जानकारी दिनका लागि दुल्लूमा २ र आठबीसमा १ ओटा तालिम संचालन गरिएको छ। जसमा ७६ जना पालिकाका प्रतिनिधि सहित ९पुरुष २७ र महिला ४९० सहभागि रहेका थिए।
- आठबीस नगरपालिका तथा दुल्लू नगरपालिकामा विपद् ब्यबस्थापन तथा हरित कोष संचालन नियमावली निर्माण भई पालिका स्तरीय हरितकोष

स्थापना तथा व्यवस्थापन कार्यका लागि बैठक सञ्चालन गरिएको छ र उक्त कोष व्यस्थापन तथा सञ्चालनको लागि निर्देशिका निर्माण कार्य कार्य पालिका बाट स्वीकृतिको तयारीमा रहेको छ।

- उत्थान परियोजनको नेतृत्वमा दुवै दुल्लू तथा आठबीस नगरपालिकाको स्थानीय विपद् तथा जलवायु जोखिम प्रतिकार्य योजना निर्माणको लागि ड्राफ्ट ीम्ऋच्ए तयार गरिएको छ।

## ३.७ कर्णाली नदी बेसिनमा जलवायू उत्थानशील तथा महिला उत्तरदायी कृषि र उद्धम (ग्रिन कर्णाली परियोजना)

कार्य क्षेत्र : दैलेख (दुल्लू नगरपालिका (१,२,३,९) आठबीस नगरपालिका (१,२,३,४,५,८) र अछाम पञ्चदेवल विनायक नगरपालिका(३,४,९) तुर्माखाँद गाउँपालिका (१,२,३,६)

कार्यक्रमको अवधि : २०२२ देखि २०२६ सम्म

सहयोगी निकाय : डि.सि.ए.

कार्यक्रम/परियोजनाको विषयगत क्षेत्र : जलवायू अनुकूलन, विपद् जोखिम व्यवस्थापन, जीविकोपार्जन

### परियोजनाको उद्देश्यः

जलवायू तथा महिलामैत्री पर्यावरणीय कृषि र उद्दमहरूको प्रवर्द्धन गरेर साना किसान विशेष गरेर महिला र युवाहरूको उत्थानशील जीविकोपार्जनमा योगदान पुर्याउने।

### मूख्य उपलब्धिः

- संस्थाद्वारा सहयोग भएका २२५ जना लाभान्वित किसानहरूले जलवायू तथा लैङ्गिकता मैत्री (सरल थोपा सिंचाई, हजारी, आरा, आदि) कृषि उपकरण तथा प्रविधि (पलाष्टिक घर, सिंचाई पोखरी, मल्चिङ, झोलमोल १,२,३, आदि) को प्रयोग गरेर मौसमी तथा बेमौसमी तरकारी खेति गर्न थालेका



छन्।

- दुल्लू, आठबीस नगरपालिका र तुर्माखांद गाउँपलिकाका २२५ जना किसानहरूले जलवायू मैत्री र विपद् जोखिम न्यूनीकरणका अभ्यासहरू अपनाई मौसमी तथा बेमौसमी तरकारी तथा अन्नबाली खेति सुरुवात गरेका छन्। जसका कारणकृषि क्षेत्रमा हुने विपद् तथा जलवायू



परिवर्तनका असरहरूमा कमी हुन थालेको छ।

- दुल्लू नगरपालिकामा ३ ( दुल्लू ४ भण्डारीटोल, दुल्लू २ तरिया, दुल्लू २ वडापोखरा) ओटा, आठबीस नगरपालिकामा ५ वटा ( आठबीस ३ कुमालखाडा मा ३ ओटा, आठबीस ३ जाक्सिमा १, आठबीस २ सिस्नेमा १) पञ्चदेवलविनायक नगरपालिकामा ३ वटा (कुची, कुजेडा, चिल्तडा) र तुर्माखांद गाउपालिकामा २ ओटा (असरा र लोडे) गरी जम्मा १३ वटा समुदायहरू जलवायुमैत्री

गाउँतर्फ उन्मूख भै जलवायू उत्थानशील तथा महिलामैत्री कृषि अभ्यासमा संलग्न भएका छन् ।

- संकलन केन्द्र स्थापनाको लागि र बजारीकरण व्यवस्थापनको लागि स्थानीय तह, समूह, सहकारी तथा निजी क्षेत्रहरूसँग समन्वय र सहकार्य पश्चात् दिगो वजारीकरणका लागि आवश्यक पहलको सुरुवात भएको छ ।

## ३.८ महिला र बालबालिका केन्द्र, दैलेख

कार्य क्षेत्रः दैलेख जिल्ला

कार्यक्रमको अवधिः जनवरी २०१७ देखी डिसेम्बर २०२२

सहयोगी निकायः राष्ट्रिय बाल अधिकार परिषद् काठमाडौ, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश र AEIN लग्जेम्वर्ग

कार्यक्रम/परियोजनाको विषयगत क्षेत्र :

१) महिला तथा बालबालिका सम्बन्धी हिंसा न्यूनीकरण

२) जोखिममा परेका महिला तथा बालबालिकाको संरक्षण

केन्द्रले उपलब्ध गराएका सेवा विवरण

मनोविमर्श परामर्श सेवा : महिला २८० जना, पुरुष १९ जना गरी जम्मा २९९ जना

औषधि उपचार तथा अन्य आवश्यक सहयोगः १७ जना महिला

आपतकालीन आवासीय सहयोग : ४९ जना महिला

कानुनी सेवा :८३ जना महिला

परिवारमा पुर्नमिलन पुनःस्थापना सेवा : ४९ जना महिला

## परियोजनाको उद्देश्यः

उद्देश्य १ हिंसा र जोखिममा परेका महिलाहरू संरक्षित भई सौहार्दपूर्ण बातावरणमा आफ्ना परिवारसंग बसेका हुनेछन् ।

उद्देश्य २ः हिंसा र जोखिममा परेका महिलाहरूको हक र अधिकारमा पहुँच भएको हुनेछ ।

उद्देश्य ३ः हिंसा र जोखिममा रहेका महिलाहरूले आवश्यक संरक्षण तथा सहयोग पश्चात् घर तथा समुदायमा मर्यादापूर्ण जीवनयापन गरेका हुनेछन् ।

उद्देश्य ४ः हिंसा र जोखिममा परेका महिलाहरूको संरक्षणका लागि सिफारिस संयन्त्र प्रभावकारी भएको हुनेछ ।

## मुख्य उपलब्धिहरू

- कुटपिट सम्बन्धी २९, गालिगलौज ५५, व्यवास्ता १००, वहुविवाह १०, घरनिकाला १०, सम्बन्ध विच्छेद ३, अंश सहितको विच्छेद ७ जना, माना चामल ७, अर्काको आरोप : महिला ५, सार्वजनिक स्थानमा अभद्र व्यवहार : महिला ११ पुरुष ४ गरी जम्मा १५, व्यवारिसे फेलापारेको : ४ जना, मनोसामाजिक समस्यामा परेका महिला : ११ र पुरुष २ गरी जम्मा १३ जना, यौन दुर्व्यवहारमा परेका महिला ४ जना, मानव वेचविखन तथा ओसारपसार परेका महिला २ जना, नागरिकता सम्बन्धी : महिला ३ र पुरुष २ गरी जम्मा ५ जना, साइबर यौन दुर्व्यवहारः महिला ५ पुरुष १, बोक्सीको आरोप : महिला २, ज्यान मार्ने उद्योग : महिला १, यौनजन्य हिंसाः ११ महिला, अन्य हाराएका, आत्म हत्या, विपद् आदि गरी १३ महिला र पुरुष ४ गरी कूल जम्मा २९९ सेवाग्राहीलाई मनोविमर्श सेवा प्रदान





गरिएको छ।

- घरेलु हिंसा : ७, गाली व्यइजती : १८, व्यवास्ता : ९, ज्यान मार्ने उद्योगः ९, वहुविवाहः ९, कुटपिटः ३,जवरजस्ती करणीः ३, जवरजस्ती करणी उद्योगः १, व्यवारिसे अलपत्र फेलापरेकोः ३, यौन दुर्व्यवहारः १, मनोसामाजिक समस्या : १, मानव वेचविखन तथा ओसारपसार गरी कूल जम्मा ४९ महिला सेवाग्राहीलाई अल्पकालीन आश्रय तथा पुनरमिलन सेवा प्रदान गरिएको छ।
- जोखिम तथा हिंसामा प्रभावित २५ जना महिला सेवाग्राहीलाई छलफल तथा मेलमिलाप सेवा प्रदान गरिएको छ।
- जोखिम तथा हिंसा प्रभावित १०१ महिला र ९ पुरुष गरी जम्मा ११० सेवाग्राहीलाई सम्बन्धित सरोकारवाला निकायमा निवेदन, जाहेरी र फिरादपत्र लेखनमा सहयोग गरी सिफारिस गरिएको छ।
- मृगौला क्यान्सर, घाटिको क्यान्सर, हात पोलिएका जस्ता विभिन्न समस्यामा परेका ४ महिला सेवाग्राहीलाई औषधी उपचारका लागि नगद रु १४ हजार सहयोग, ७ महिलालाई ओ.सि.एम.सीमा सिफारिस गरी उपचार र १० महिलालाई लत्ता कपडा र आवश्यकता अनुसार डिग्निटि किट्स सहयोग गरिएको छ।
- हिलाहरूको हक अधिकार सुनिश्चितताका लागि

२ घरेलु हिंसा, १ ज्यान मार्ने उद्योग, १ वहुविवाह, १ जवरजस्ती करणी, ६ सार्वजनिक स्थानमा अभद्र व्यवहार, ३ सम्बन्ध विच्छेद सम्बन्धीका केसहरूलाई सम्बन्धित कानुनी निकायमा समन्वय गरी जिल्ला अदालतबाट फैसला भएको छ।

### ३.९ बाल हेल्पलाईन १०९८ दैलेख

कार्य क्षेत्रः दैलेख जिल्ला

कार्यक्रमको अवधिः २०१७ देखी २०२२ डिसेम्बर

सहयोगी निकायः राष्ट्रिय बाल अधिकार परिषद् काठमाडौ, सामाजिक विकास मन्त्राय, कर्णाली प्रदेश

### कार्यक्रम/परियोजनाको विषयगत क्षेत्र :

१) रोकथाम

२) संरक्षण

३) क्षमता अभिवृद्धि

परियोजनाले समेटेको विवरणहरू (बालबालिका)

मनोविमर्श परामर्श सेवा : बालक २७८ बालिका ६७२ जम्मा ९५० जना

उद्दार सेवाः बालक १, बालिका जना जम्मा २ जना

राहत प्रदान (खाद्यान्न सहयोग)ः ८ परिवारका जम्मा १२ जना

आपतकालीन सहयोग : बालक १५७, बालिका २१३, जम्मा ३७०

आपतकालिन आवासीय सहयोग : बालक २१ बलिका ४६ गरी जम्मा ६७ जना

कानुनी सेवा : १८ जना बालिका

कानुनी परार्मश : बालक ४६, बालिका ७३, जम्मा ११९ जना

शैक्षिक सामग्री सहयोगः बालक ७१, बालिका ७४, जम्मा १४५ जना

अपाङ्गता अन्य सहयोग : बालक ६, बालिका १ जम्मा ७

परिवारमा पुनर्मिलन पुनर्स्थापना सेवा : बालक २३ बालिका ४९ जम्मा ७२ जना

## परियोजनाको उद्देश्य:

उद्देश्यः १ जोखिम तथा हिंसा प्रभावितहरूको हक, अधिकार तथा सुरक्षा मा सुनिश्चिता भई उनीहरूको वृद्धि विकासमा टेवा पुगेको हुनेछ ।

उद्देश्यः २ बाल हेल्प लाईन १०९८ मा बालबालिकाको पहुँच पुग्नुका साथै उनीहरूको आवश्यकता र समस्याको सम्बोधन भएको हुनेछ.।

उद्देश्यः ३ जोखिम तथा अलपत्र फेलापरेका बालबालिकाको उद्दार भई उनीहरूको संरक्षणमा सुनिश्चिता भएको हुनेछ ।

उद्देश्यः ४ बालबालिकाको हक, अधिकार सुनिश्चिता लागि सरोकारवाला सचेत भएको हुनेछन् ।

## मुख्य उपलब्धीः

- ६ आपांगता भएका : बालक ६, बालिका १, अनाथ अशक्तः बालक १, ३ बालिका, जानकारी सम्बन्धी कल संख्या : बालक ५६२ बालिका ७४३, घटना सम्बन्धी कल संख्या : बालक २५१, बालिका ३८७ गरी जम्मा ८१३ बालक र ११३० बालिका सेवाग्राहीले १०९८ बाट कलसेवा प्राप्त गरेका छन् ।



- घरेलु हिंसाः बालक २, बालिका ३, कुटपिटः बालक ६, बालिका ८, गालिगलौजः बालक १, बालिका ३, व्यवास्ता : बालक २५, बालिका ४५,सामाजिक हिंसामा : बालक ५ र बालिका २५ गरी कुल १५७ बालक र २१३ बालिका सेवाग्राहीले बाल हेल्पलाइन १०९८ बाट सेवा प्राप्त गरेका छन् ।



- यौन जन्य हिंसा, हराएकोः बालक ३, बालिका ७, अलपत्र परेकाः बालक ४, बालिका ७, मनोसामाजिक समस्यामा परेका : बालक ६, बालिका २१, आत्म हत्या : बालिका १, कर्तव्य ज्यान : बालक १, आश्रित : बालक ३ बालिका ३, विपद् : बालक १४, बालिका ९ गरी जम्मा बालक १५७ र बालिका २१३ जना सेवाग्राहीलाई मनोविमर्श सेवा प्रदान गरिएको छ ।
- बाल हेल्पलाईन १०९८ कार्यक्षेत्र भित्र पर्ने धनगडि, सुर्खेत, कालिकोट, अछाम र दैलेख जिल्ला अन्तर्गतका जोखिम तथा अलपत्र फेला परेका १५७ बालक र २१३ बालिकालाई मनोविमर्श सेवा प्रदान गरिएको छ ।
- जोखिम तथा हिंसामा परेका २२ बालक र ४५ बालिका गरी जम्मा ६७ बालबालिका सेवाग्राहीले आर्थिक वर्ष २०७८।०७९ मा आपतकालीन आश्रय सहायता प्राप्त गरेका छन् ।
- कुटपिट : बालक २, बालिका ३, गालिगलौज बालिका ३, व्यवास्ता : बालक ५, बालिका ७, बालविवाह बालिका ३, अलपत्र फेला परेकाः

बालक ६, बालिका ३ , आरोपमा बालक ३, जबरजस्ती करणीमा बालिका ४, जबरजस्ती करणी उद्योगमा बालिका १, मानव वेचविखन तथा ओसारपसारमा ४ बालिका, व्यवारिसे : बालक १, बालिका १, घरेलु हिंसामा परेका बालिका २, आश्रितः बालक ७, बालिका १२ गरी जम्मा बालक २२ र बालिका ४५ गरी ६७ जना मध्य ६६ जनालाई परिवारमा पुनः मिलन र १ लाई मानव सेवा आश्रम सुर्खेतमा सिफारिस गरिएको छ।

- जोखिम र हिसामा परी आर्थिक अवस्था कमजोर भएका विद्यालयमा अध्ययनरत ७१ जना बालक र ७४ जना बालिका गरी जम्मा १४७ बालबालिकालाई शैक्षिक सामग्री सहयोग गरिएको छ।
- बौद्धिक अपाङ्गता भएका एक बालकलाई मानव सेवा आश्रम, सुर्खेत, एकलाई थप संरक्षण र शिक्षाको लागि ताथली बाल गृहमा रिफर गरिएको छ। त्यस्तै श्रवणशक्तिमा समस्या भएकी एक बालिकालाई दैलेखको रेडक्रस मावि रिसोर्स स्कुलमा रिफर गरिएको छ।

## ३.१० महिला र बालबालिका केन्द्र, कालिकोट

कार्य क्षेत्रः कालिकोट जिल्ला (खांडाचक्र, तिलागुफा, रास्कोट न.पा, शुभकालिका, नरहरीनाथ, पचाल झरना, पलाता, महावै, सान्नी त्रिवेणी गा पा)

कार्यक्रमको अवधिः जनवरी २०१९ देखी ३१ डिसेम्बर, २०२२

सहयोगी निकायः समाजिक विकास मन्त्रालय, सुर्खेत, खांडाचक्र नगरपालिका र ब्भक्ष्ल लग्जेम्बर्ग

### कार्यक्रम/परियोजनाको विषयगत क्षेत्र :

१) रोकथाम

२) संरक्षण

३) क्षमता अभिवृद्धि

### केन्द्रबाट सेवा पाएका लाभान्वितहरूको विवरण

मनोविमर्श परामर्श सेवा : ३७३ जना

उद्दार तथा राहत प्रदान : ६ जना

आपतकालीन सहयोग : ५९ जना

कानुनी सहयोग : ६ जना

परिवारिक पुर्नमिलन र पुनःस्थापना सेवा : ५८ जना

### परियोजनाको उद्देश्यः

उद्देश्य १ हिंसा र जोखिममा परेका महिलाहरू संरक्षित भई सौहार्दपूर्ण बातावरणमा आफ्ना परिवारसंग बसेका हुनेछन्।

उद्देश्य २: हिंसा र जोखिममा परेका महिलाहरूको हक र अधिकारमा पहुँच भएको हुनेछ।

उद्देश्य ३: हिंसा र जोखिममा रहेका महिलाहरूले आवश्यक संरक्षण तथा सहयोग पश्चात् घर तथा समुदायमा मर्यादापूर्ण जीवनयापन गरेका हुनेछन्।

उद्देश्य ४: हिंसा र जोखिममा परेका महिलाहरूको संरक्षणका लागि सिफारिस संयन्त्र प्रभावकारी भएको हुनेछ।

### मुख्य उपलब्धीः

- १४ जना कुटपिट, ५ जना गालि वेइजति, ६ बहुविवाह, १६ व्यवास्ता, १५ घरेलु हिंसा, १ जना श्रीमान्वाट अभद्र व्यवहार, २ जबरजस्ति करणी (ज.क.उ.) उद्योग, ५ सार्वजनिक स्थानमा अभद्र व्यवहार, १३ जना मनोसामाजिक समस्या, १ अंशचलन, १ अर्काको आरोप, २ अलपत्र फेला परेको, २ औषधि उपचार, १ छोरीको जन्मदर्ता, १ सम्बन्ध विच्छेद, १ आर्थिक अवस्था कमजोर, लेनदेन तथा ठगी, १ छोरीको समस्यामा आएका महिला सेवाग्राहीलाई मनोविमर्श सेवा प्रदान गरिएको छ।
- ११ जना घरेलु हिंसा, ६ जना कुटपिट, ६ जना व्यवास्ता, १३ जना मनोसामाजिक समस्या, १

ज.क.उ., १ अभद्र व्यवहार, १ सम्बन्ध विच्छेद, ४ वहुविवाह, १ लेनदेन तथा ठगी, २ अलपत्र फेला, १ अंशचलन, १ अर्काको आरोप, अभद्र व्यवहार १ छोरीको समस्यामा आएकी महिला गरी जम्मा ४९ सेवाग्रहीलाई अल्पकालीन आश्रय सेवा प्रदान गरिएको छ।



